# मध्यमकालिन खर्च संरचना योजना
# (२०८१/०८२-२०८३/०८४)

## नासोँ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## धारापानी, मनाङ
## गण्डकी प्रदेश, नेपाल

# विषयसूचि


| | |
|---|---|
| परिच्छेद १: परिचय | 4 |
| १.१: पृष्ठभूमि | 4 |
| १.२: अवधारणा तथा उद्देश्य | 4 |
| १.३: संस्थागत व्यवस्था | 8 |
| १.४: तर्जुमा प्रक्रिया | 9 |
| परिच्छेद २: मध्यमकालीन खर्च संरचना | 12 |
| २.१ पृष्ठभूमि | 12 |
| २.२ सोच, उद्देश्य तथा रणनीति | 12 |
| २.३ मध्यमकालीन आर्थिक खाका | 13 |
| २.४ मध्यमकालीन नतिजा खाका | 16 |
| २.५ मध्यमकालीन बजेट खाका | 17 |
| २.६ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट | 18 |
| २.६.१ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण | 18 |
| २.६.२ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण | 19 |
| २.६.३ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण | 19 |
| २.६.४ लैङ्गिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण | 20 |
| २.६.७ विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण | 23 |
| परिच्छेद ३: आर्थिक क्षेत्र | 25 |
| ३.१ कृषि तथा भूमि व्यवस्था | 25 |
| ३.२ सिँचाइ | 26 |
| ३.३ पशुपन्छी | 27 |
| ३.४ सहकारी तथा गरिबी निवारण | 28 |
| ३.५ उद्योग, वाणिज्य तथा आपूर्ति | 28 |
| ३.६ सम्पदा, संस्कृति तथा पर्यटन | 29 |
| ३.७ श्रम तथा रोजगारी | 30 |
| परिच्छेद ४: सामाजिक क्षेत्र | 31 |
| ४.१ स्वास्थ्य तथा पोषण | 31 |
| ४.२ शिक्षा, विज्ञान तथा प्रविधि | 32 |
| ४.३ खानेपानी तथा सरसफाइ | 33 |
| ४.४ युवा, खेलकुद तथा नवप्रवर्तन | 33 |
| ४.५ महिला, बालबालिका तथा समाज कल्याण | 34 |
| परिच्छेद ५: पूर्वाधार क्षेत्र | 36 |
| ५.१ भवन, आवास, बस्ती तथा शहरी विकास | 36 |
| ५.२ सडक, पुल तथा यातायात व्यवस्था | 37 |
| ५.४ सूचना तथा सञ्चार | 40 |
| परिच्छेद ६: वन, वातावरण तथा विपद् व्यवस्थापन | 41 |

६.१ वन तथा जैविक विविधता 41
६.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन 42
६.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन 43
६.४ विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलता 44
परिच्छेद ७: संस्थागत विकास तथा सुशासन 46
७.१ नीति, कानून, न्याय तथा सुशासन 46
७.२ सङ्गठनात्मक विकास, मानव संशाधन तथा सेवा प्रवाह 47
७.३ स्रोत परिचालन 48
७.४ तथ्याङ्क प्रणाली र योजना व्यवस्थापन 49
अनुसुचीहरू 50
अनुसुची १: कार्यक्रमको प्राथमिकिकरण, सांकेतिकरण तथा त्रिवर्षीय खर्च अनुमान कुल चालु वित्तिय व्यवस्था 50
अनुसुची २: मध्ययमकालिन खर्च संरचना तर्जुमा सम्बन्धि कार्यदल 54
अनुसुची ३: मध्ययमकालिन खर्च संरचना तथा आगामि आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धि मार्गदर्शन54
अनुसुची ४: आगामि बजेट सिमा 57

# परिच्छेद १: परिचय

## १.१: पृष्ठभूमि

मध्यमकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तर सम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ । नासोँ गाउँपालिकाको एकीकृत गाउँ विकास योजनाले लिएका समष्टिगत तथा विषयगत लक्ष्य र उद्देश्य हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन् । मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो । मध्यमकालीन खर्च संरचनाले विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तर्जुमा गरी कार्यान्वयन गर्न अनिवार्य कानुनी व्यवस्था गरेको छ । गाउँ कार्यपालिका, विषयगत समिति, कार्यदल, विषयगत शाखा र अन्य सरोकारवालासँग राय परामर्शका साथै एकीकृत गाउँ विकास योजना, उपलब्ध शाखागत सूचना, गण्डकी प्रदेशको प्रथम आवधिक विकास योजना तथा मध्यमकालीन खर्च संरचना र चालु आर्थिक वर्षको वार्षिक कार्यक्रमलाई आधार मानी यस दस्तावेज तयार गरिएको छ ।

नेपालमा आ.व. २०५९/०६० देखि अवलम्बन गरिएको मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो । मध्यमकालीन खर्च संरचनाले स्थानीय तहमा विकास योजनाको लक्षित नतिजा हासिल गर्न स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले स्थानीय तहले प्रत्येक आर्थिक वर्षको वजेट तर्जुमा गर्नुपुर्व आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गनुपर्ने र सो संरचना तयार गर्दा आवधिक योजनालाई मार्गदर्शनका रुपमा लिनुपर्ने व्यवस्था अनिवार्य गरेको छ ।

## १.२: अवधारणा तथा उद्देश्य

### १.२.१ अवधारणा

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनको एक औजार हो जसले सरकारसँग उपलब्ध सीमित स्रोत/साधनको वस्तुनिष्ठ आंकलन गर्ने र योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ । यस संरचनामा मुख्यतः समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा खाकाहरु समावेश गरिएको हुन्छ । चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका (Medium Term Fiscal Framework – MTFF) निर्धारण गरिन्छ । स्थानीय तहलाई संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, राजस्व तथा रोयल्टी बाँडफाट, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आंकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका (Medium Term Budgetary Framework-MTB) तयार गरिन्छ । यस दस्तावेज तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन आर्थिक वर्षमा प्राप्त हुने प्रतिफलको समेत अनुमान गरी मध्यमकालीन नतिजा खाका (Medium Term Result Framework-MTRF) तयार गरिएकोहुन्छ । मध्यमकालीन खर्च संरचना चक्रीय हिसाबले वार्षिक रुपमा तयार गरिने

योजना दस्तावेज हो। यसमा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र व्ययको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ। पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समिक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम्थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ, यो प्रक्रिया वार्षिकरुपमा गरिरहनु पर्दछ। मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ।

### १.२.२ उद्देश्य

नासोँ गाउँपालिकाको मध्यमकालिन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गर्नु हो। यसका अतिरिक्त मध्यमकालीन खर्च संरचनाका उद्देश्यहरू देहायबमोजिम रहेका छन् : -

(१) नासोँ गाउँपालिका को आवधिक योजनालाई बजेटसँग तादाम्यता कायम गरी स्रोत/साधनको विनियोजनलाई उपलब्धिमुलक बनाउनु,

(२) आयोजनाहरूको प्राथमिकीकरण गर्न र प्राथमिकता प्राप्त आयोजनालाई स्रोतको सुनिश्चितता गर्नु,

(३) नासोँ गाउँपालिकालाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्नु,

४) बजेट अनुमानलाई वास्तविक र यथार्थपरक बनाई सार्वजनिक खर्चलाई अझ प्रभावकारी र कुशलताका साथ लक्षित प्रतिफल सुनिश्चित गर्नु,

५) नासोँ गाउँपालिकाको आवधिक योजना अनुरुप मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने र मध्यमकालीन खर्च संरचना अनुरुप बार्षिक विकास कार्यक्रम तर्जुमा गरी आवधिक योजनाका लक्ष्य र उद्देश्य हासिल गर्नु।

### १.२.३ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

सार्वजनिक खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरु एवं स्थानीय तहको अधिकार क्षेत्र भित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दीर्घकालीन योजना, एकीकृत नगर विकास योजना, विषयगत रणनीतिक योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक छ। सो बमोजिम यस मध्ममकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित लगायत अन्य पक्षलाई आधार लिइएको छः

- नेपालको संविधान, २०७२,
- दिगोविकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५–२०३०),
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- राष्ट्रिय दीर्घकालीन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७६/०७७-२०८१/०८२),
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०७७/७८),
- एकीकृत नगर विकास गुरुयोजना (२०७७/०७८–२०८२/०८३),
- गाउँपालिकाका अन्य विषय क्षेत्रगत नीति र योजनाहरु,
- गाउँपालिकाको प्रोफाईल,
- मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य,
- दिगो विकास लक्ष्य गरिबीको अन्त्य, समग्र पर्यावरण तथा पृथ्वीको संरक्षण र सबै मानिसको शान्ति एव संमृद्धि हासिल गर्ने उद्देश्यले संयुक्त राष्ट्र संघको १५ औं साधारण सभाद्वारा विश्वको साझा, दिगो र सुरक्षित भविष्यका लागि ग्रहण गरिएको विश्वव्यापी लक्ष्य हो। सहस्राव्दी विकास लक्ष्य (MDG) मा आधारित रही तर्जुमा गरिएको दिगो विकास लक्ष्य (SDG) मा सन् २०३० सम्ममा हासिल गर्ने गरी १७ वटा विश्वव्यापी लक्ष्यहरू, १६९

परिमाणात्मक गन्तव्य र २३२ वटा सूचक निर्धारण गरिएका छन् । यी दिगो विकास लक्ष्यहरू सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका काम, कर्तव्य अधिकार तथा दायित्वसँग प्रत्यक्ष, परोक्ष रुपमा सम्बन्धित रहेका छन । नेपालको दीर्घकालीन सोच समृद्ध नेपाल, सुखी नेपालीसँग सम्बन्धित राष्ट्रिय लक्ष्यहरू पनि दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित छन्; यसर्थ पनि सबै तहका सरकारहरूले दिगो विकासको लक्ष्य प्राप्तीमा योगदान गर्नुपर्ने आवश्यकता रहेकोछ । यसका अतिरिक्त, दिगो विकास लक्ष्यलाई देशको आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिबद्धता विश्वका अन्य राष्ट्रहरूका साथै नेपालले पनि व्यक्त गरेको सन्दर्भमा दिगो विकास लक्ष्यको कार्यान्वयन नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताका रुपमा पनि रहेको छ । स्थानीय सरकारहरू नागरिकका समस्या सम्बोधनमा प्रत्यक्ष संलग्न हुने तथा नागरिकहरूसँग प्रत्यक्षरुपमा जोडिएका हुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय सरकारको भूमिका अझ बढी महत्वपूर्ण रहेको छ । उदाहरणका लागि सबै क्षेत्रबाट सबै किसिमका गरिबीको अन्त्य गर्नु दिगो विकास लक्ष्य–१ हो; यो लक्ष्य हासिल गर्ने सन्दर्भमा गरिबीमा रहेको जनसङ्ख्याको पहिचान गर्न र स्रोत तथा सार्वजनिक वित्तलाई सम्बन्धित गरिब व्यक्ति/समुदायसम्म केन्द्रित गर्न स्थानीय सरकारको भूमिका तुलनात्मक रुपमा बढी प्रभावकारी हुने भएकाले दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय सरकारहरूको भूमिका अहम छ । नागरिकहरूसँग प्रत्यक्ष जोडिनुका अतिरिक्त संवैधानिक अधिकार र जिम्मेवारीका हिसाबले पनि दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय तहहरूको भूमिका महत्वपूर्ण छ । सेवा प्रवाह र स्थानीय पूर्वाधार विकासलगायतका कार्य जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएकोले दिगो विकास लक्ष्य हासिल गर्न यसको स्थानीयकरण गर्ने महत्वपूर्ण अभिभारा स्थानीय तहमा रहन गएको छ । साथै, सरकारको एकल प्रयासले मात्र पनि दिगो विकास लक्ष्य हासिल गर्न सम्भव छैन । यसका लागि निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, समुदाय, विकास साझेदार लगायत विकासका सरोकारवालाबीचमा साझेदारी हुनु पनि उत्तिकै जरुरी छ ।

- दिगो विकास सम्बन्धित राष्ट्रको आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षणको एकीकृत अवधारणा भएकाले सदस्य राष्ट्रले दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्नु आवश्यक छ । अन्तर्राष्ट्रिय स्तरमा सहमती भएका विकासका मुद्दामा सरकारको जिम्मेवारी पूरा गर्ने यो एउटा मुख्य माध्यम समेत हो । नेपालले चौधौं योजनादेखि नै दिगो विकास लक्ष्यलाई स्थानीकरण गरिरहेको छ, जसअनुसार आयवृद्धि, गुणस्तरीय मानवीय पूँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरी दीर्घकालीन लक्ष्य लिइएको छ । संघ, प्रदेश तथा स्थानीय स्तरमा आवधिक योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्यहरूलाई साङ्केतीकरण गरी सम्बन्धित योजनाले दिगो विकास लक्ष्य प्राप्तीमा पुर्याउने योगदानको आँकलन गरी समग्र विकास उपलब्धीलाई दिगो विकासका लक्ष्य प्राप्तीतर्फ उन्मुख गराउने प्रयास हुँदै आएको छ ।
- दिगो विकास लक्ष्यको कार्यान्वयनलाई प्रभावकारी र व्यवस्थित बनाउन प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । यसका अलावा, दिगो विकास लक्ष्य कार्यान्वयनलाई अझ प्रवलीकरण गर्न दिगो विकास लक्ष्य अनुकूलको स्थानीय आवधिक योजना तर्जुमा, दिगो विकास लक्ष्य अनुरुपको मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, दिगो विकास लक्ष्य प्राप्तिका लागि चालु तथा पुँजीगत खर्चको व्यवस्थापन, दिगो विकास लक्ष्य कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन र दिगो विकास लक्ष्य प्राप्तिका लागि समन्वय, सहकार्य तथा साझेदारीको आवश्यकता रहेको छ ।
- सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य प्राप्तीतर्फ उन्मुख हुने गरी लगानी नगरेसम्म दिगो विकासको अपेक्षित उपलब्धी हासिल नहुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको अहम् भूमिका रहेको छ ।

यसर्थ, स्थानीय तहहरूले दिगो विकास लक्ष्य प्राप्तीमा योगदान गर्ने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्यका प्राथमिकताप्राप्त क्षेत्रमा लगानी गर्नु आवश्यक हुन गएको छ। लगानीबिना दिगो विकास लक्ष्य प्राप्त हुन नसक्ने र सामाजिक, आर्थिक, भौतिक विकास र वातावरण संरक्षणमा लगानीको मुख्य स्रोत सार्वजनिक वित्त भएकाले स्थानीय तह लगायत प्रदेश र संघस्तरमा समेत दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको मुख्य भूमिका रहेको छ। दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि वार्षिक रुपमा नेपाललाई औसत रु. २०२४.८ अर्ब आवश्यक पर्ने र यसको ५४.८ प्रतिशत सार्वजनिक क्षेत्र, ३६.५ प्रतिशत निजी क्षेत्र, ४.४ प्रतिशत घरपरिवार र ४.३ प्रतिशत सहकारी तथा गैरसरकारी क्षेत्रबाट योगदान हुने प्रक्षेपण गरिएको छ। यस आँकडाबाट पनि दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक क्षेत्र तथा सार्वजनिक वित्तको भूमिका अहम रहेको देखिन्छ। सबैजसो दिगो विकास लक्ष्यहरू स्थानीय सरकारका कानुनी कार्य जिम्मेवारीभित्र र जनअपेक्षालाई संवोधन गर्ने किसिमका रहेका छन्। दिगो विकास लक्ष्य–१ (शून्य गरिबी), लक्ष्य–२ (भोकमरीको अन्त्य), लक्ष्य–८ (मर्यादित काम तथा आर्थिक बृद्धि) र लक्ष्य–१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन्। संविधानले स्थानीय तहहरूलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लघु, घरेलु तथा साना उद्योगको दर्ता तथा नियमनसम्बन्धी र स्थानीय संघ संस्था दर्ता, नियमन र परिचालनको जिम्मेवारी प्रदान गरेको छ। यसर्थ, स्थानीय सरकारका उक्त जिम्मेवारीहरू दिगो विकास लक्ष्य १, लक्ष्य २, लक्ष्य ८ र लक्ष्य १० सँग सम्बन्धित छन्। स्थानीय सरकारको अर्को महत्वपूर्ण कार्यक्षेत्र सामाजिक विकासको क्षेत्रमा स्थानीय तहको क्षेत्राधिकारभित्र चारवटा प्रमुख क्षेत्र पर्दछन्। यसमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशिता जस्ता पक्षहरू रहेका छन्। सामाजिक विकाससँग दिगो विकास लक्ष्यका चारवटा लक्ष्य, लक्ष्य–३ (स्वस्थ जीवन), लक्ष्य–४ (गुणस्तरीय शिक्षा), लक्ष्य–५ (लैंगिक समानता) र लक्ष्य–६ (स्वच्छ खानेपानी तथा सरसफाइ) का लागि आवश्यक बजेटको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचनाको महत्वपूर्ण भूमिका रहेको छ। स्थानीय तहको अर्को कार्यक्षेत्र पूर्वाधार विकासतर्फ दिगो विकास लक्ष्य–९ (उद्योग, नवीनता एवं पूर्वाधार), लक्ष्य ११ (दिगो शहर तथा समुदाय) र लक्ष्य ७ (धान्न सक्ने र सफा ऊर्जा) पर्दछन्। वातावरणीय दिगोपनाको सन्दर्भमा दिगो विकास लक्ष्य–१२ दिगो उत्पादन तथा उपभोग तथा उत्पादनप्रति जवाफदेहिता), लक्ष्य–१३ जलवायु सम्बन्धी कार्य), र लक्ष्य–१५ (जमिनमाथिको जीवन) जोडिएका छन्। यसरी, दिगो विकास लक्ष्य र स्थानीय सरकारका कार्यक्षेत्रमा ठूलो हदसम्म समानता रहेको छ। स्थानीय सरकारले आफ्नो प्राथमिकताका आयोजना तथा कार्यक्रममा स्रोतको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने कानुनी अनिवार्यता हुनु र स्थानीय सरकारका प्राथमिकताका क्षेत्रहरू दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित हुने भएकाले दिगो विकास लक्ष्य र मध्यमकालीन खर्च संरचनाबीच पनि प्रत्यक्ष सम्बन्ध रहेको छ।

- नासोँ गाउँपालिकाले हालसम्म दिगो विकास लक्ष्यमा केन्द्रित गरी दिगो विकास लक्ष्य, महत्व, जिम्मेबारी सम्बन्धी जनप्रतिनिधी, कर्मचारीहरुलाई जानकारीमूलक तालिम कार्यक्रम प्रस्तावित गरेको छ। दिगो विकासका लक्ष्य हासिल गर्न प्रत्येक्ष तथा अप्रत्येक्ष रुपमा योगदान पुर्याउन वार्षिक बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना तयारीलाई दिगो विकास मैत्री तुल्याउने अठोट लिएको छ। दिगो विकास लक्ष्य स्थानियकरणमा आधारीत रही गाउँपालिकाको संघिय सरकार तथा गण्डकी प्रदेशसँग समन्वय सहकार्य गरी कार्यक्रमहरु कार्यान्वयन गर्ने र गाउँपालिकाका शाखागत कार्यक्रमहरु दिगो विकास लक्ष्यमा आधारित भई समिक्षा गरी प्रतिवेदन तयार गर्ने अभ्यास रहेको छ।

- उपर्युक्त पृष्ठभूमिमा यस मध्यमकालीन खर्च संरचनालाई पनि दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ । यसका लागि दिगो विकासका लक्ष्य तथा सूचकहरू र यस मध्यमकालीन खर्च संरचनाको लक्ष्य तथा सूचकहरूबीच अधिकतम सामञ्जस्यता/ एकरुपमा कायम गर्ने प्रयास छ । यसमा प्रस्तुत आर्थिक खाका तथा नतिजा खाकामा प्रस्तुत सबै सूचकहरूले प्रत्यक्ष वा परोक्ष रुपमा दिगो विकास लक्ष्यका सूचकहरूलाई कुनै न कुनै रुपमा योगदान गर्दछन् । दिगो विकास लक्ष्यको आधारमा बजेटको बाँडफाँटको अवस्था अध्ययन गरी योजना अवधिमा कुन–कुन दिगो विकास लक्ष्यमा के कति बजेट प्राप्त हुन सक्छ भनी अनुमान तथा प्रक्षेपण गरिएको छ । यस मध्यमकालीन खर्च संरचनामा प्रस्तुत विषय उपक्षेत्रगत सोच, उद्देश्य तथा रणनीतिहरू प्रत्यक्ष वा परोक्षरुपमा दिगो विकास लक्ष्यलाई नै योगदान पुर्याउने खालका रहेका छन् । समस्या समग्रमा यस नासोँ गाउँपालिकाको मध्यमकालीन खर्च संरचनालाई अधिकतम रुपमा दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ । चुनौतीहरूको विश्लेषण गर्ने क्रममा दिगो विकास लक्ष्य हासिल गर्नमा रहेका समस्या चुनौतीहरूलाई पनि आवश्यकता अनुसार विश्लेषण गरिएको छ । दिगो विकास लक्ष्य प्राप्तीमा योगदान पुर्याउने आयोजना तथा कार्यक्रमहरू र दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रलाई प्राथमिकीकरण गरी लगानीको सुनिश्चितता गर्ने कार्यलाई पनि यस मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा विशेष ध्यान दिइएको छ ।

### १.३: संस्थागत व्यवस्था

मध्यमकालीन खर्च संरचना आवधिक योजना र वार्षिक बजेटबीच तादत्म्यता कायम गर्ने औजार भएकोले वार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भूमिका रहन्छ । स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिमको गठित समितिले गर्नेछ । यस मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा यस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:

(क) मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यको समग्र निर्देशन गर्ने,
(ख) आगामी तीन वर्षको कुल स्रोत र खर्चको प्रक्षेपण गर्ने,
(ग) प्रक्षेपित कुल स्रोत र खर्चको आधारमा विषय क्षेत्रगत खर्चको सीमा निर्धारण गर्ने

**मध्यमकालीन खर्च संरचना कार्यदल**

नासोँ गाउँपालिकामा मध्यमकालीन खर्च संरचना तयारीको लागि देहाय बमोजिमको एक कार्यदल रहनेछ । सो कार्यदलले प्रत्येक क्रियाकलापमा एकाइगत लागत आंकलन, परिमार्जनका साथै शाखा अन्तर्गतका मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण गर्नुका साथै शाखाहरूको विषयगत रूपमा एकीकृत बजेट मस्यौदा तयार गरेको छ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक
(ख) विषयगत शाखा प्रमुखहरू - सदस्य
(ग) योजना शाखा प्रमुख - सदस्य सचिव

विषयगत रूपमा एकीकृत बजेट तयारीका लागि कार्यदलले देहायबमोजिमका कार्यहरू सम्पन्न गरेको छः

(क) विषयगत समितिहरूसँग आवश्यक समन्वय,
(ख) मध्यमकालीन खर्च संरचना सम्बन्धी मार्गदर्शनको मस्यौदा तयार गरी कार्यपालिकामा पेश गर्ने,
(ग) मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरी विषयगत समितिमा पेश गर्ने,
(घ) त्रिवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र स्रोतको आकलन गरी स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति समक्ष पेश गर्ने,
(ङ) मध्यमकालीन खर्च संरचनासम्बन्धी अन्य कार्यहरू ।

**विषयगत योजना तर्जुमा समितिहरू**

कार्यपालिकाबाट प्राप्त स्रोत सीमा तथा मार्गदर्शनभित्र रही विषयगत शाखाहरूबाट प्राथमिकता निर्धारण भई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भएका कार्यक्रम तथा आयोजनालाई विषयगत समितिहरुवाट विषयगत रूपमा छलफल, विश्लेषण र पुनःप्राथमिकता निर्धारण गरी बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा कार्यका लागि बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गरियो। यस मध्यमकालीन खर्च संरचना तयारी प्रक्रियामा विषयगत समितिहरूले देहाय बमोजिमका कार्यहरू गरियोः

(क) कार्यदलबाट प्रस्तावित कार्यक्रम तथा आयोजनाहरूको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट उपर छलफलर विश्लेषण।

(ख) विषयगत रूपमा कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणको आधार तयार गर्ने।

(ग) कार्यक्रम तथा आयोजनाको विषयगत रूपमा प्राथिमकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने।

## १.४: तर्जुमा प्रक्रिया

मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८, स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण श्रोत पुस्तिका, २०७९ र स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी श्रोत पुस्तिका, २०७९ लाई आधारमानी यो दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गरिएको छ।

मध्यमकालीन खर्च संरचना तर्जुमामा निम्न बमोजिमको चरण तथा प्रक्रिया अबलम्बन गरिएको छ:

**पहिलो चरण - १: तयारी चरण प्रक्रिया**

१. प्राविधिक सहयोगका लागि टोली परिचालन मध्यमकालीन खर्च संरचना तयारीमा सहजीकरण गर्न परिचालित हुने प्राविधिक सहयोग टोली गठन गरी अभिमूखीकरण गरियो। अभिमूखीकरणमा मध्यमकालीन खर्च संरचनाको अवधारणा, तयारी प्रक्रिया ढाँचा एवं औजारहरूको सम्बन्धमा प्राविधिक सहयोग टोलीका सदस्यहरूबीच समान बुझाई कायम गरियो। साथै यस अभिमूखीकरण कार्यक्रममा समय सीमा, सम्पन्न गर्नुपर्ने कार्य, गाउँपालिका र परामर्शदाताको जिम्मेवारी स्पष्ट गरी परिचालन गरियो।

२: नीतिगत, कानूनी दस्तावेज, दिग्दर्शन एवं अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा प्राविधिक सहयोग टोलीद्धारा स्थानीय तहको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवं अध्ययन गरियो। दस्तावेजहरुको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक विषय वस्तुहरु पहिचान गरियो।

मध्यमकालीन खर्च संरचना तर्जुमा क्रममा निम्न बमोजिम सन्दर्भमा सामाग्रीहरु अध्ययन एवं समीक्षा गरियोः

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७
- अन्तर - सरकारी वित्तीय हस्तान्तरण कार्यविधि
- नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास
- नेपाल सरकार, प्रदेश सरकार एवं सम्बन्धित स्थानीय सरकारको वित्तीय ऐनहरु
- नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड

- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
- स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७७
- नेपाल सरकारको दीर्घकालीन सोच, पन्ध्रौं राष्ट्रिय योजना, प्रदेशका योजनाहरु
- नेपाल सरकारद्धारा जारी कोभिड १९ प्रतिकार्य एवं पुनर्लाभ सम्बन्धी निर्देशिका
- संघ तथा प्रदेशको सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन
- नासोँ गाउँपालिकाका सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन आदि ।

३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा, स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवं कार्ययोजना सम्बन्धमा गाउँपालिकामा प्रारम्भिक बैठकको आयोजना गरी छलफल गरियो । यस बैठकमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत, विभिन्न शाखाका प्रमुखहरु लगायतको उपस्थिति रहेको थियो । बैठकमा भएको छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो । साथै, बैठकमा आएका सुझाब र पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तर्जुमा र परिमार्जन गरियो ।

**चरण - २: लेखाजोखा चरण**

१: अभिमूखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना, वि.सं. २०८० चैत्र ०६ गते मंगलबार मध्यमकालीन खर्च संरचनाको तर्जुमा प्रक्रियाकको सम्बन्धमा साझा बुझाइ तयार गर्ने उद्देश्यले एक दिने अभिमूखीकरण कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रममा गाउँपालिकाका विषयगत शाखाको कर्मचारीहरूको सहभागिता रहेको थियो । कार्यशालामा मध्यमकालीन खर्च संरचना सम्बन्धी अवधारणा, कानूनी आधार, विधि तथा प्रक्रिया औजार, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाईमा एकरुपता कायम गरियो । मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन तथा कार्य योजनाको स्वीकृति र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेबारी तथा भूमिका समेत स्पष्ट गरियो ।

२: विषयगत समिति तथा शाखाहरुसँग परामर्श तथा छलफल, विषयगत रणनीतिक योजना, एकीकृत गाउँ विकास योजना र वार्षिक योजनाको उपलब्धि समीक्षाका लागि विषयगत समितिहरुसँग छलफल गरियो । यस छलफलबाट विषयगत समिति तथा शाखाका प्रमुख उपलब्धि, चालु आयोजना, सालबसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना तथा सम्भाव्यता अध्ययन र लागत अनुमान भएका आयोजना र कार्यक्रमहरुको विवरण संकलन गरियो । सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयार र हरेक आयोजनाको उप - क्षेत्रगत रुपमा श्रोत आवश्यकता निर्धारण गरियो ।

३: श्रोत तथा खर्चको अनुमान र त्रिवर्षिय प्रक्षेपण, अन्तर - सरकारी वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँड लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरुको श्रोतको उपलब्धताका आधारमा तथा आन्तरिक श्रोतलाई राजस्व सुधार कार्ययोजनाका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोत अनुमान तथा प्रक्षेपण गरियो । विगत आर्थिक वर्षहरुको खर्च सहित गाउँ गौरवका आयोजना, चालु तथा बहुवर्षीय आयोजना र एकीकृत गाउँ विकास योजना, विषयगत क्षेत्र रणनीति र गुरुयोजना अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो । श्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको विषयगतक्षेत्र तथा उपक्षेत्रगत बजेट सीमा निर्धारण गरियो । यसरी तयार गरिएको बजेट सीमालाई सबै विषयगत महाशाखा र शाखामा क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराइयो ।

**चरण - ३: तर्जुमा चरण प्रक्रिया**

१: क्षेत्रगत योजना तर्जुमा, विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफल तथा बैठक गरियो विषयगत शाखाका कर्मचारी तथा विषयगत समितिका पदाधिकारीहरुको सहभा गिता रहेको छलफलबाट प्रत्येक उप-क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना तथा कार्यक्रको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्नुका साथै स्थानीय रणनीतिक स्तम्भ, प्राथमिकता क्रम, दिगो विकास लक्ष्य, लैंगिक तथा जलवायु संकेतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप-क्षेत्रको संकेतीकरण गरियो।

२: विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा विषयगत शाखा सगं छलफल गरी उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरियो। यसरी तयार गरिएको उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचना तयार गरियो।

३: मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी निर्धारित ढाँचामा विषयगत क्षेत्रका मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरियो। यस क्रममा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग राय परामर्श गरियो। त्यसैगरी मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा एकीकृत गाउँ विकास योजना, विषयगत क्षेत्र मध्यम कालीन खर्च संरचनाकोविवरण, विषयगत क्षेत्र योजना र वार्षिक विकास कार्यक्रम समीक्षाबाट प्राप्त उपलब्धि विवरण तथा क्षेत्रगत रणनीतिक र गुरुयोजनाको परिमाणात्मक लक्ष्यलाई आधार लिइएको थियो। यस दस्तावेजमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाका साथै विषयत क्षेत्रको स्थिति, नतिजा खाका, वित्तीय योजना र कार्यक्रमको सारंस तयार गरि प्रस्तुत गरिएको छ।

**चरण ४: स्वीकृति चरण प्रक्रिया**

१: मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति, छलफल तथा सुझाव संकलन, उल्लिखित विधि प्रक्रियाबाट तयार गरिएको मस्यौदा दस्तावेज प्रस्तुति तथा छलफल गरी आवश्यक सुझाव संकलन गर्ने उद्देश्यले गाउँपालिकामा वि.सं. २०८० चैत्र ०६ गते मंगलबार अन्तरक्रिया कार्यक्रम गरिएको थियो। उक्त कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरु तथा सम्बद्ध अन्य कर्मचारीहरुको सहभागिता थियो। उक्त कार्यक्रममा मस्यौदा प्रतिवेदनका मुख्य पक्षहरुमा प्रस्तुति तथा छलफल गरी आवश्यक थप सूचना तथा तथ्यांक संकलनका साथै विषयगत क्षेत्र तथा उपक्षेत्रगत मुख्य कार्यक्रम तथा आयोजनाहरुको विस्तृत विवरण तयार गरियो। त्यसैगरी विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकिकरण तथा सांकेतीकरण लाई समेत अन्तिम रुप प्रदान गरियो।

२: मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी, मस्यौदा प्रस्तुती तथा छलफल कार्यक्रमका साथै विभिन्न शाखाहरुबाट प्राप्त सुझावहरु तथा दस्तावेजमा अपुग भएका आवश्यक सूचना तथा तथ्यांकहरु विभिन्न शाखाहरुबाट संकलन तथा समावेश गरी मध्यमकालीन खर्च संरचनाको यो अन्तिम मस्यौदा तयार गरिएको छ।

३: मध्यमकालीन खर्च संरचनाको स्वीकृति, उपरोक्त चरण र प्रक्रिया अनुसार तयार भई बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना उपर कार्यपालिकामा आवश्यक छलफल र स्वीकृति पश्चात अनुमोदनका निमित्त गाउँ सभामा पेश गरी स्वीकृत गरियो।

# परिच्छेद २: मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको शुरुवात गरिएको थियो। स्थानीय तहको सामाजिक आर्थिक लगायत समग्र विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ। यसका लागि साधनको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै प्रभावकारी हुनु पर्दछ। यी तीनवटै पक्षहरुमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिन सकिन्छ। स्थानीय तहको हकमा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को परिच्छेद छ (सार्वजनिक खर्च व्यवस्था), दफा १७ अनुसार तयार गर्नु पर्दछ। स्थानीय तहले दफा १६ बमोजिमको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी ३ आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचना तयार गर्नु पर्दछ। यसैलाई आधार मानी यस मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ। नेपालको संविधान कार्यान्वयनका क्रममा तीनै तहमा सम्पन्न भएका निर्वाचनहरु पश्चात संघ, प्रदेश र स्थानीय तहका सरकारहरु गठन भई क्रियाशील भएका छन्। संविधानले परिकल्पना गरे बमोजिमको अर्थ व्यवस्था कायम गर्ने सोचलाई मनन् गर्दै नासोँ गाउँपालिकाको पहिलो आवधिक योजनासँग सामन्जस्य हुनेगरी आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना (२०८१/०८२-२०८३/०८४) तर्जुमा गरिएको छ। यस दस्तावेज तयार गर्दा पहिलो आवधिक योजना (२०८१/०८२-२०८५-०८६) मा उल्लेखित सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता एवं नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्य, २०३० को मार्गचित्रलाई मुख्य आधार लिइएको छ। साथै, आगामी आर्थिक वर्षको स्रोतको आँकलन तथा विकास कार्यक्रमको बाँडफाँटका आधार बमोजिम साविकमा प्रदेश सरकार तथा केन्द्रीय सरकारबाट प्राप्त हुने कार्यक्रमहरु तथा बजेटलाई समेत यस दस्तावेजमा समेटिएको छ।

## २.२ सोच, उद्देश्य तथा रणनीति

नासोँ गाउँपालिकाको सोचः *"आय आर्जनमार्फत आर्थिक सामाजिक, विकासको लागि गुणस्तरीय पुर्वाधार पर्यटन प्रवर्धन, सुशासन सहित समृद्ध गाउँ निर्माणको आधार।"*

दीर्घकालीन सोच सहितको आवधिक योजनामा उल्लेखित सोच, लक्ष्य, उद्देश्य तथा रणनीति र कार्यनीतिहरु प्रस्तुत मध्यमकालीन खर्च संरचनामा समावेश गरिएको छ।

**समष्टिगत उद्देश्यः**

- व्यबसायिक कृषि, पर्यटन, उर्जा, पशु, घरेलु उद्योग, सहकारी र पर्यटनको विकास गरी गाउँपालिका वासीको रोजगारी र आयआर्जनमा बृद्धि गरी उनीहरुको आयआर्जन बृद्धि गर्ने।
- महिला बालवालिका, दलित, जनजाती, अपाङ्गता भएका व्यक्तिहरु तथा युवाहरुको जीवनस्तरमा सुधार ल्याउन प्रभावकारी स्वास्थ्य तथा गुणस्तरिय शिक्षा प्रदान गरी समानुपातिक तथा समावेशीको आधारमा गाउँपालिकाको समस्टिगत विकास गर्ने।
- गाउँपालिकाभरी भौतिक पूर्वाधारको विकास गरी गाउँवासीहरुको आर्थिक तथा सामाजिक स्थितिमा पहुच पुर्याउने।
- वन क्षेत्रको उचित व्यवस्थापन द्वारा वनपैदावरमा आधारीत श्रोतहरुको अधिकतम परिचालन गरी वातावरणीय पक्षमा सुधार ल्याई गाउँवासीको सामाजिक, आर्थिक स्थितिमा सुधार ल्याउने।
- स्थानीय सरकार, गैर सरकारी संस्था, सामाजिक संस्थाहरुको संस्थागत विकास गरी निजी क्षेत्रसँग समन्वय र साझेदारी गर्दै संस्थागत विकास गरी मानव अधिकारको स्थितिमा सुधार ल्याउने।

**रणनीतिः**

- नेपाल सरकारले अंगीकार गरेको दिगो विकास लक्ष्य, पन्ध्रौं योजनाको लक्ष्य र प्रदेशको लक्ष्य संग तादत्म्यता हुने गरी निर्धारण गरिएको लक्ष्य हासील गर्न आवधिक योजनाले रणनीति निर्धारण गरेको छ। यसका लागि सरकारी क्षेत्र लगायत निजी, सहकारी र सामुदायिक क्षेत्रलाई एक अर्काको परिपूरकका रुपमा परिचालन गर्ने रणनीति अवलम्वन गरिएको छ।

**समस्टिगत रणनीतिहरुः**

- पर्यटन र पूर्वाधारलाई गाउँ विकासको अग्रणी क्षेत्र र प्रमुख साधनको रुपमा अवलम्बन गर्ने।
- परम्परागत कृषि प्रणालीलाई व्यवसायिक प्रणाली रुपान्तरण गरी कृषिको व्यवसायीकरण र विविधिकरणको माध्यमबाट कृषिमा आधुनिकिकरण गर्ने।
- गाउँपालिका भित्र तथा वाहिर रहेको मानवीय तथा वित्तीय पूंजी आकर्षित गरी व्यवसाय व्यापार तथा सेवा क्षेत्रको विकास तथा विस्तारद्धारा युवाशक्तिलाई गाउँपालिकाको विकास अभियानमा संलग्न गराउने।
- सन्तुलित एवं समावेशी विकास, रोजगारी सिर्जना, सामाजिक सद्भाव र गरिबी न्यूनिकरण र दिगो शान्तिमा योगदान पुग्ने कार्यक्रममा जोडदिने।
- सामाजिक सद्भाव कायम राखी दीगो शान्ति हासिल गर्न समन्यायिक तथा लैंगिक समता एवं सामाजिक समावेशीकरणमा विषेष प्राथमिकता दिई स्थानीय स्वामित्व सहित विकास कार्यमा जोड दिने।
- लक्षित वर्गको सामाजिक, आर्थिक, राजनैतिक सशत्तिकरणको लागी सामाजिक परिचालन कार्यक्रमको सुदृणीकरण गर्ने।
- विकास तथा सेवा प्रवाहलाई सर्वसुलभ, सहज, नतिजामूलक, पारदर्शी र प्रभावकारी बनाउन विशेष गरी लक्षित वर्ग र समुदायको संलग्नता वढाउन नागरिक संस्थाहरुको क्षमता विकासका कार्यहरुमा वृद्धि गर्ने।
- वन, जलाधार तथा संरक्षित क्षेत्रको एकीकृत व्यवस्थापन मार्फत दिगो रुपमा संरक्षण गर्ने।
- जलवायु परिवर्तन, विपद जोखिम व्यवस्थापन, पर्यावरण तथा बालमैत्री स्थानीय शासन प्रणलीलाई विकास आयोजना तथा कार्यक्रमहरुमा साझा सवालको रुपमा सम्बोधन गर्ने।
- भु-उपयोग योजना, एकिकृत व्यवस्थित वस्ती तथा शहरी विकास, जलाधार र जलस्रोत संरक्षण क्षेत्रको योजना तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने।
- नतिजामूखी अनुगमन प्रणाली अवलम्वन गर्ने।
- प्रभावकारी सेवा प्रवाहकालागी सूचना प्रविधिमा आधारित क्षमता विकास कार्यक्रमलाई बढावा दिई संचालन गर्ने।
- स्थानीय शासनलाई जनमुखी, उत्तरदायी र पारदर्शी बनाउन, अध्ययन तथा सर्वेक्षण, नागरिक संलग्नता, पालना, सार्वजनिक संवाद, नतिजा मापन तथा प्राप्त नतिजाहरुको प्रसारण र प्रकाशन गर्ने।
- योजनाको नियमित प्रगति समीक्ष, सामाजिक परिक्षण, मध्यावधि तथा अन्तिम मूल्यांकन गरी नतिजाहरु सार्वजनिक गर्ने।
- जनस्वास्थलाई अभिवृद्धि गर्न प्रचारात्मन कार्य तथा स्वास्थ्य पूर्वाधारको विकासमा ध्यान दिने।
- विकासका अवसरहरुमा स्थानीय उत्पादन र जनशक्तिलाई सहुलियत र प्रोत्साहन गर्ने।
- दिगो विकास लक्ष्य लाई मुल आधारबनाई गाउँपालिका स्त्तरमा दिगो लक्ष्य हासिल गर्ने।

## २.३ मध्यमकालीन आर्थिक खाका

नासोँ गाउँपालिकाको आवधिक योजनाले अवलम्बन गरिएको सोच, लक्ष्य, उद्देश्य, नीति, कार्यक्रम, योजना, प्रक्षेपीत राजस्वका आधारमा कार्यान्वयन गरी कार्यक्रम तथा आयोजना सम्पन्न भएका हुनेछन्। यसबाट कृषि, उद्योग र सेवा

क्षेत्रको उत्पादन र उत्पादकत्व अभिबृद्धि भई तीब्र आर्थिक बृद्धि हुने अनुमान गरिएको छ। आर्थिक बृद्धिको लक्ष्य हासिल गर्न लगानीमा वृद्धि हुनुको साथै स्थानीय श्रमशक्तिको उत्पादनमा उपयोग र स्थानीय प्राकृतिक श्रोतको दिगो परिचालन गर्दै स्थानीय अर्थतन्त्रमा गतिशीलता आउनुका साथै निजी, सहकारी र सामुदायीक क्षेत्रको परिपूरकात्मक सहकार्य मजबुत एवं सुदृढ भई गाउँपालिकामा पूँजी निर्माण हुनेछ भन्ने आधार तथा गाउँपालिका भित्रको आर्थिक कृयाकलापको आधारमा आर्थिक लक्ष्य निर्धारण गरिएको तथा गाउँपालिका अन्तर्गतका सम्बन्धित कार्यालयबाट प्राप्त तथ्यांकको आधारमा समष्टिगत आर्थिक लक्ष्य र खाका तयार पारिएको छ।

| क्र.स | सुचक | एकाई | २०७९/८० सम्मको उपलब्धी | २०८०/८१ सम्मको अनुमानित उपलब्धी | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| १ | आर्थिक विकास | रु | १०२५७२५६ | १६,९४५,००० | १७४५३३५० | १७९७६९५१ | १८५१६२५९ |
| २. | कृषि | रु | ११८४३२५ | ३८६९००० | ३९८५०७० | ४१०४६२२ | ४२२७७६१ |
| ३. | उद्योग | रु | २६५८४१९ | २२००००० | २२६६००० | २३३३९८० | २४०३९९९ |
| ४. | पर्यटन | रु | ० | ९८२६००० | १०१२०७८० | १०४२४४०३ | १०७३७१३६ |
| ५ | भूमि व्यवस्था | रु | ० | ८५०००० | ८७५५०० | ९०१७६५ | ९२८८१८ |
| ६. | पशुपंक्षि विकास | रु | ३००००० | ११००००० | ११३३००० | ११६६९९० | १२०२००० |
| ७. | सामाजिक विकास | रु | १०१०५३८८६ | ११३३०७०००० | ११६७०६२११० | १२०२०७३९६ | १२३८१३६१८ |
| ८. | शिक्षा | रु | ७६६६९९७९ | ६८२३१००० | ७०२७७९३० | ७२३८६२६८ | ७४५५७८५६ |
| ९ | स्वास्थ्य | रु | १९२६२३२१ | २८८००००० | २९६६४००० | ३०५५३९२० | ३१४७०५३८ |
| १०. | खानेपानी तथा सरसफाई | रु | २७०२५५२ | ३४५०००० | ३५५३५०० | ३६६०१०५ | ३७६९९०८ |
| ११. | श्रम तथा रोजगारी | रु | ५४२२६३१ | ४००००० | ४१२००० | ४२४३६० | ४३७०९१ |
| १२. | लैङ्गिक तथा सामाजिक समावेशिकरण | रु | ७२००३४ | १०००००० | १०३०००० | १०६०९०० | १०९२७२७ |
| १३ | युवा तथा खेलकुद | रु | ३९९००० | २१००००० | २१६३००० | २२२७८९० | २२९४७२७ |

| क्र.स | सुचक | एकाई | २०७९/८० सम्मको उपलब्धी | २०८०/८१ सम्मको अनुमानित उपलब्धी | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| १४. | सामाजिक सुरक्षा तथा संरक्षण | रु | १०१०५३८८६ | ९७२६००० | १००१७७८० | १०३१८३१३ | १०६२७८६३ |
| १५. | पुर्वाधार विकास | रु | ५४६२५०७८ | ७९६१४००० | ८२००२४२० | ८४४६२४९३ | ८६९९६३६७ |
| १६. | यातायात पुर्वाधार | रु | १४५५२०४७ | ३००३४००० | ३०९३५०२० | ३१८६३०७१ | ३२८१८९६३ |
| १७ | भवन, आवास तथा शहरी विकास | रु | ३६३८३१४१ | ४३९००००० | ४५२१७००० | ४६५७३५१० | ४७९७०७१५ |
| १८. | उर्जा | रु | ९९०८९० | ५२०० | ५३५६ | ५५१७ | ५६८२ |
| १९. | सम्पदा पुर्वाधार | रु | २७०००० | ४८०००० | ४९४४०० | ५०९२३२ | ५२४५०९ |
| २०. | गरिविनिवारण | रु | १००००० | ४००००० | ४१२००० | ४२४३६० | ४३७०९१ |
| २१ | सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | रु | ११३५८७५९ | ४४००००० | ४५३२००० | ४६६७९६० | ४८०७९९९ |
| २२. | तथ्यांक प्रणाली | रु | | ९००००० | ९२७००० | ९५४८१० | ९८३४५४ |
| २३. | योजना तर्जुमा तथा कार्यान्वयन | रु | | ७००००० | ७२१००० | ७४२६३० | ७६४९०९ |
| २४. | अनुगमन तथा मुल्यांकन | रु | ५३७४८३७ | २०००००० | २०६०००० | २१२१८०० | २१८५४५४ |
| २५ | कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | रु | ६५४५९९४७ | ११११९३३०० | ११५२९०९९० | ११८७४९७२० | १२२३१२२११ |

## २.४ मध्यमकालीन नतिजा खाका

समृद्ध नेपाल सुखी नेपालीको मुल राष्ट्रिय लक्ष्य पछयाउन गाउँपालिकले संघ र प्रदेश सरकारका राष्ट्रिय एवं प्रादेशिक लक्ष्यहरुलाई पछयाउदै लैजानुपर्ने आवस्यकता हुन्छ । गाउँपालिकाले आवधिक योजनामा उल्लेखित स्थानीय लक्ष्य बमोजिम प्रमुख परिमाणत्मक लक्ष्यका आधारमा आगामी तीन वर्षको समष्टिगत गन्तव्य र सूचक निर्धारण गरिएको छ । उल्लेखित सूचकहरुको विद्यमान स्थिति तथा आगामी तीन वर्षको अपेक्षित उपलब्धि तालिकामा प्रस्तुत गरिएको छ ।

| सुचक | एकाई | चालु आ.व सम्मको उपलब्धी | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| निरपेक्ष गरिबि | प्रतिशत | ४५ | ४४ | ४३ | ४२ |
| प्रतिव्यक्ति वार्षिक आय: | रु | ८५,००० | ८८००० | ९१००० | ९२००० |
| आफ्नो उत्पादन तथा आयले वर्षभरी खान पुग्ने जनसंख्या | प्रतिशत | १० | ११ | १२. | १३. |
| वेरोजगारी दर | प्रतिशत | १.५ | १.२५ | १ | ०.७५ |
| रोजगारीमा गैरकृषि क्षेत्रको योगदान | प्रतिशत | ६.४ | ६.५ | ६.७५ | ७ |
| आयात-निर्यातको वार्षिक औषत अनुपात | अनुपात | २.३ | | | २.३ |
| आधारभूत तह (कक्षा १ देखि ८ सम्म) को खूद भर्नादर | प्रतिशत | ९२ | ९३ | ९४ | ९५ |
| साक्षरता दर: | प्रतिशत | ९८ | ९८.५ | ९८.७५ | ९९ |
| औषत आयु: | औसत | ६५ | | | ७० |
| ५ वर्ष मुनीको वाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | प्रतिशत | ० | ० | ० | ० |
| मातृमुत्यु दर (प्रति लाख जीवित जन्ममा) प्रति १ लाखमा २३४ | प्रतिशत | ० | ० | ० | ० |
| खानेपानी सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ९६ | ९६.५ | ९७ | ९८ |
| विद्युत सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ७८ | ८५ | ९० | १०० |
| दिगो, सुरक्षित र नियमित सडक यातायात सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ० | ५ | १० | १५ |
| वर्षभरी नियमित सिंचाई भएको खेतीयोग्य भूमि | हेक्टर | १०० | २०० | ३०० | ४०० |
| इण्टरनेट सेवामा पहुँच प्राप्त जनसंख्या | प्रतिशत | १५ | १६ | १७ | २० |
| वन जंगलले ढाकेको क्षेत्र | प्रतिशत | ४० | ४१ | ४२ | ४३ |
| पालिकाको सेवा प्रवाहवाट सन्तुष्ट अनुभूति गर्ने सेवाग्राही | प्रतिशत | ६० | ६५ | ७० | ७५ |

### २.५ मध्यमकालीन बजेट खाका

स्थानीय सरकार संचालन ऐन २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ का आधारमा राजस्वका स्रोतहरुको परिचालन गर्ने अधिकार स्थानीय तहमा हस्तान्तरण भइसकेको अवस्था छ। साथै केही राजस्व संघले संकलन गरेतापनि प्रदेश र स्थानीय तहमा बाँडफाँड गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाको स्रोत आँकलन तथा बजेट अनुमान एवं प्रक्षेपण गर्दा देहायका आधारहरु अबलम्बन गरिएको छः

१. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार स्थानीय तहले राजस्व संकलन गर्ने अधिकार क्षेत्रमा रही राजस्व अनुमान एकिन गरिएको छ।

२. प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाडबाट नासोँ गाउँपालिकाले प्राप्त गर्ने बजेट अनुमान एकिन गरिएको छ

३. संघ सरकारबाट प्राप्त हुने राजस्व बाँडफाडबाट नासोँ गाउँपालिकाले प्राप्त गर्ने बजेट अनुमान एकिन गरिएको छ।

| क्र.स. | बजेटको श्रोत | २०७९/०८० को यर्थात | २०८०/८१ को अनुमान | मध्यमकालिन लक्ष्य | | | ३ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | |
| १ | राजस्व तथा अनुदान | ४४८९२७०००० | ४६६१३१०००० | ४८०११४९३० | ४९४५१८३७८ | ५०९३५३९२९ | १४८३९८७२३७ |
| २ | आन्तरिक आय | ५७७४८००० | ६४०९५००० | ६६०१७८५० | ६७९९८३८६ | ७००३८३३७ | २०४०५४५७३ |
| ३ | राजस्व बाँडफाड बाट प्राप्त आय | ४६७१९००० | ४५८३६००० | ४७२११०८० | ४८६२७४१२ | ५००८६२३५ | १४५९२४७२७ |
| ४ | संघीय सरकार | २२५०३९०० | २०१३०० | २०७३३९ | २१३५५९ | २१९९६६ | ६४०८६४ |
| ५ | प्रदेश सरकार | १४९५४०००० | १४९६७०००० | १५४१६०१० | १५८७८४९० | १६३५४८४५ | ४७६४९३४५ |
| ६ | नेपाल सरकारको वित्तिय हस्तान्तरण | २३९९९३०००० | २१६२७६०००० | २२२७६४२८० | २२९४४७२०८ | २३६३३०६२५ | ६८८५४२११३ |
| ७ | सशर्त अनुदान | १३०४३९०००० | १०८९०००००० | ११२१६७०००० | ११५५३२०१० | ११८९९७९७० | ३४६६९६९८० |
| ८ | संघीय विशेष अनुदान | १००००००० | १५०००००० | १५४५०००० | १५९१३५०० | १६३९०९०५ | ४७७५४४०५ |

| क्र. स. | बजेटको श्रोत | २०७९/०८० को यर्थात | २०८०/८१ को अनुमान | मध्यमकालिन लक्ष्य | | | ३ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | |
| ९ | संघीय समपुरक अनुदान | १२०००००० | ७०००००० | ७२१०००० | ७४२६३०० | ७६४९०८९ | २२२८५३८९ |
| १० | प्रदेश सशर्त अनुदान | ० | ५०००००० | ५१५०००० | ५३०४५०० | ५४६३६३५ | १५९१८१३५ |
| ११ | प्रदेश विशेष अनुदान | ५०००००० | ५०००००० | ५१५०००० | ५३०४५०० | ५४६३६३५ | १५९१८१३५ |
| १२ | प्रदेश समपुरक अनुदान | ० | ५००००००० | ५१५००००० | ५३०४५००० | ५४६३६३५० | १५९१८१३५० |
| १३ | आन्तरिक ऋण | ० | ० | ० | ० | ० | ० |
| १४ | अन्य अनुदान (संघ, जिल्ला समन्वय, लगायत अरु) | ० | ० | ० | ० | ० | ० |
| १५ | जन सहभागिता | ० | ० | ० | ० | ० | ० |

### २.६ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आय आर्जनमार्फत आर्थिक सामाजिक, विकासको लागि गुणस्तरीय पुर्वाधार पर्यटन प्रवद्र्धन, सुशासन सहित समृद्ध गाउँ निर्माणको आधार

#### २.६.१ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

| रणनीतिक संकेत | रणनीतिक स्तम्भ | चालु आ.व. को संसोधित अनुमान | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८२/०८३ |
|---|---|---|---|---|---|
| १ | कृर्षि, उद्योग र पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरि आर्थिक वृद्धि | २३०१४००० | २३७०४४२० | २४४१५५५३ | २५१४८०१९ |

| रणनीतिक संकेत | रणनीतिक स्तम्भ | चालु आ.व. को संसोधित अनुमान | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८२/०८३ |
|---|---|---|---|---|---|
| २ | भौतिक पूर्वाधार निर्माण तथा विस्तार | ७९६१४००० | ८२००२४२० | ८४४६२४९३ | ८६९९६३६७ |
| ३ | गुणस्तरीय शिक्षा र स्वास्थ्य विस्तार गरी मानविय पूँजी निर्माण | ६८२३१००० | ७०२७७९३० | ७२३८६२६८ | ७४५५७८५६ |
| ४ | सामाजिक समावेशिता र लैंगिक समता प्रवर्धन | १०००००० | १०३०००० | १०६०९०० | १०९२७२७ |
| ५ | प्रभावकारी विपद व्यवस्थापन र जलवायू परिवर्तन अनुकुलित विकास | ३५०००० | ३६०५०० | ३७१३१५ | ३८२४५४ |
| ६ | विधिको शासन कायम गर्दै सुशासनको प्रत्याभुति | ४४००००० | ४५३२००० | ४६६७९६० | ४८०७९९९ |
| **७** | **कुल जम्मा** | **१७६६०९०००** | **१८१९०७२७०** | **१८७३६४४८८** | **१९२९८५४२३** |

## २.६.२ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| प्राथमिकता क्रम | आयोजना संख्या | गत आ.व.को यथार्थ | आ.व.२०८०/८१ को विनियोजन | आ.व.२०८१/०८२ को खर्च प्रक्षेपण | आ.व.२०८२/०८३ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|---|
| पहिलो (P1) | ५ | ३५६०८७३७ | ६३३०००००० | ५३३५४००० | ५४९५४६२० |
| दोस्रो (P2) | ५ | ५५८०००० | २५८४९००० | २६१७०९७० | २७४२३२०४ |
| **कुल जम्मा** | **१०** | **४११८८७३७** | **८९१४९०००** | **७९५२४९७०** | **८२३७७८२४** |

## २.६.३ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| संकेत नम्बर | दिगो विकास लक्ष्य | गत आ.व.को यथार्थ | आ.व.२०८०/०८१ को विनियोजन | आ.व.२०८१/०८२ को खर्च प्रक्षेपण | आ.व.२०८२/०८३ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|---|
| १ | हरेक क्षेत्रमा गरिबीको अन्त्य | १००००० | ४००००० | ४१२००० | ४२४३६० |
| २ | भोकमरीको अन्त्य र खाद्य सुरक्षा | ११८४३२५ | ३८६९००० | ३९८५५०७० | ४१०५०७२२ |
| ३ | स्वस्थ र समृद्ध जीवनस्तर | १९२६२३२१ | २८८०००००० | २९६६४००० | ३०५५३९२० |

| संकेत नम्बर | दिगो विकास लक्ष्य | गत आ.व.को यथार्थ | आ.व.२०८०/०८१ को विनियोजन | आ.व.२०८१/०८२ को खर्च प्रक्षेपण | आ.व.२०८२/०८३ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|---|
| ४ | न्यायोचित र गुणात्मक शिक्षा | ७६६६९९७९ | ६८२३१००० | ७०२७७९३० | ७२३८६२६८ |
| ५ | लैंगिक समानता | ७२००३४ | १०००००० | १०३०००० | १०६०९०० |
| ६ | खानेपानी र सरसफाई | २७०२५५२ | ३४५००० | ३५५३५० | ३६६०११ |
| ७ | उर्जामा सवैको पहुँच | ९९०८९० | ५२००००० | ५३५६००० | ५५१६६८० |
| ८ | दिगो आर्थिक वृद्धि र मर्यादित रोजगारी | ५४२२६३१ | ४००००० | ४१२००० | ४२४३६० |
| ९ | पूर्वाधारहरु निर्माण र औद्योगीकरण प्रवर्धन | ५४६२५०७८ | ७९६१४००० | ८२००२४२० | ८४४६२४९३ |
| १० | समाज भित्रको असमानता | ११४५८७५९ | ९७२६००० | १००१७७८० | १०३१८३१३ |
| ११ | समावेशी र सुरक्षित मानव बस्ती तथा शहर | १४५५१०४७ | ४३९००००० | ४५२१७००० | ४६५७३५१० |
| १२ | दिगो उपभोग र उत्पादन | | ० | ० | ० |
| १३ | जलवायु परिवर्तनको प्रभाव न्युनिकरण | ३९१२९१ | ३५०००० | ३६०५०० | ३७१३१५ |
| १४ | जलमुनिको जीवन र स्रोत | | ० | ० | ० |
| १५ | वनको दिगो व्यवस्थापन र जैविक विविधता | | ० | ० | ० |
| १६ | समावेशी संस्थाहरुको स्थापना | | ० | ० | ० |
| १७ | राष्ट्रिय तथा अन्तराष्ट्रिय | | ० | ० | ० |
| | **कुल जम्मा** | | **२४१८३५०००** | **२८४९६००५०** | **२९३५०८८५२** |

### २.६.४ लैङ्गिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| संकेत नम्बर | लैंगिक संकेत | गत आ.व.को यथार्थ | आ.व.२०८०/८१ को विनियोजन | आ.व.२०८१/८२ को खर्च प्रक्षेपण | आ.व.२०८२/८३ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|---|
| १ | प्रत्यक्ष लाभ | ७२००३४ | १०००००० | १०३०००० | १०६०९०० |
| २ | अप्रत्यक्ष लाभ | ११४५८७५९ | ९७२६००० | १००१७७८० | १०३१८३१३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | तटस्थ | २२४५६१६२१ | ३१५४७३००० | ३२४९३७१९० | ३३४६८५३०६ |
| **कुल जम्मा** | | **२३६७४०४१४** | **३२६१९९०००** | **३३५९८४९७०** | **३४६०६४५१९** |

## २.६.५ जलवायु सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| संकेत नम्बर | संकेत | गत आ.व.को यथार्थ | आ.व.२०८०/८१ को विनियोजन | आ.व.२०८१/८२ को खर्च प्रक्षेपण | आ.व.२०८२/८३ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|---|
| १ | प्रत्यक्ष लाभ | २७००००० | ० | ० | ० |
| २ | अप्रत्यक्ष लाभ | ९९०८९० | ५२००००० | ५३५६००० | ५५१६६८० |
| ३ | तटस्थ | २३३०४९५२४ | ३१५४७३००० | ३२४९३७१९० | ३३४६८५३०६ |
| **कुल जम्मा** | | **२३६७४०४१४** | **३१५४७३०००** | **३३०२९३१९०** | **३४०२०१९८६** |

## २.६.६ स्थानीय गौरवका आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| उपक्षेत्र | आयोजना र कार्यक्रम | गत आ.व.को यथार्थ | चालु आ.व.को संशोधित अनुमान | आ.व. २०८१/०८२ को खर्च प्रक्षेपण | आ.व. २०८२/०८३ को खर्च प्रक्षेपण | आ.व. २०८३/०८४ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| पर्यटन | पूर्वाधार संरचना निर्माण | ५४५०००० | ९४२०००० | ९७०२६०० | ९९९३६७८ | १०२९३४८८ |
| पर्यटन | क्षेत्र विकास योजना | ० | ० | ० | ० | ० |
| कृषि पशु | कृषि पशु सेवा केन्द्र निर्माण | ० | ० | ० | ० | ० |
| कृषि | कृषि उपज संकलन केन्द्र | ० | ० | ० | ० | ० |
| कृषि पशु | कोल्ड स्टोर निर्माण | ० | ० | ० | ० | ० |
| पशु | पशु वधशाला | ० | ० | ० | ० | ० |
| सम्पदा | मन्दिर निर्माण | ० | ० | ० | ० | ० |
| पर्यटन | पर्यटकीय क्षेत्र विकास कार्यक्रम | ० | ० | ० | ० | ० |
| सिंचाई | सिंचाई आयोजना निर्माण | ० | ० | ० | ० | ० |

| उपक्षेत्र | आयोजना र कार्यक्रम | गत आ.व.को यथार्थ | चालु आ.व.को संशोधित अनुमान | आ.व. २०८१/०८२ को खर्च प्रक्षेपण | आ.व. २०८२/०८३ को खर्च प्रक्षेपण | आ.व. २०८३/०८४ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| शिक्षा | विद्यालयहरुमा छात्र/छात्राहरुको लागि अलग अलग शौचालय निर्माण | ० | ० | ० | ० | ० |
| स्वास्थ्य | पाचँ वेड अस्पताल निर्माण | ० | ११५००००० | ० | ० | ० |
| शिक्षा | विद्यलयहरुको संरचना पूनः निर्माण | ३०३००००० | ३५८००००० | ३६८७४००० | ३७९८०२२० | ३९११९६२६ |
| लैसलास | पूनः स्थापना केन्द्र निर्माण | ० | ० | ० | ० | ० |
| समाजकल्याण | जेष्ठ नागरिक भवन निर्माण | ० | ० | ० | ० | ० |
| स्वास्थ्य | स्तरिय वथिङ्ग सेन्टर निर्माण | ० | ० | ० | ० | ० |
| फोहरमैलाव्य | सेनेटरी ल्याण्ड फिल साइट निर्माण | ० | ० | ० | ० | ० |
| प्रकोप तथा विपद | नदि तटबन्ध | ४३८४००० | ० | ० | ० | ० |
| उर्जा | विद्युतिय चार्जिङ्ग स्टेशन | ० | ० | ० | ० | ० |
| यातायात पुर्वाधार | रिङ रोड, लिंक रोड निर्माण | ० | ० | ० | ० | ० |
| सडक | नाला निर्माण | १३०००० | १००००० | १०३००० | १०६०९० | १०९२७२ |
| पुल | झोलुङ्गे पुल निर्माण | ५३०८७३७ | ११५००००० | ११८४५००० | १२२००३५० | १२५६६३६० |
| यातायात पुर्वाधार | बीभिन्न खोलामा पुल निर्माण | ० | ५००००० | ५१५०० | ५३०४५० | १०९२७२ |
| संस्थागत विकास | वहुउद्देश्यीय भवन | ६९२४१३३ | ६५५०००० | ६७५६५०० | ६९४८८९५ | ७१५७३६१ |

| उपक्षेत्र | आयोजना र कार्यक्रम | गत आ.व.को यथार्थ | चालु आ.व.को संशोधित अनुमान | आ.व. २०८१/०८२ को खर्च प्रक्षेपण | आ.व. २०८२/०८३ को खर्च प्रक्षेपण | आ.व. २०८३/०८४ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| गरिवी निवारण | गरिवी निवारण एकिकृत कार्यक्रम | ६९७६७००० | ९२७९००० | ९५५७३७० | ९८४४०९१ | १०१३९४१३ |
| शान्ति सुरक्षा | प्रहरी चौकी स्थापना | ० | ० | ० | ० | ० |
| संस्थागत विकास | वडा कार्यालय भवन | ० | ४५००००० | ४६३५००० | ४७७४०५० | ४९२७२७१ |
| **कुल जम्मा** | | **४११८८७३७** | **८९१४९०००** | **७९५२४९७०** | **८२३७७८२४** | **८४४२२०६३** |

## २.६.७ विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| विषय क्षेत्र / उपक्षेत्र | चालु आ.व.को संशोधित अनुमान | आ.व. २०८१/०८२ को खर्च प्रक्षेपण | आ.व. २०८२/०८३ को खर्च प्रक्षेपण | आ.व. २०८३/०८४ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|
| आर्थिक विकास | १६९४५००० | १७४५३३५० | १७९७६९५० | १८५१६२५९ |
| कृषि | ३८६९००० | ३९८५०७० | ४१०४६२२१ | ४२२७७६१ |
| उद्योग | २२०००००० | २२६६००० | २३३३९८० | २४०३९९९ |
| पर्यटन | ८९२६००० | ९१९३७८० | ९४६९५९३ | ९७५३६८२ |
| पशुपंक्षी विकास | ११००० | ११३३० | ११६७० | १२०२० |
| भूमि व्यवस्था | ८५०००० | ८७५५०० | ९०१७६५ | ९२८८१८ |
| सामाजिक विकास | ११३३०७००० | ११६७०६२१० | १२०२०७३९६ | १२३८१३६१८ |
| सामाजिक सूरक्षा तथा संरक्षण | ९७२६००० | १००१७७८० | १०३१८३१३ | १०६२७८६३ |
| यूवा तथा खेलकुद | २१००००० | २१६३००० | २२२७८९० | २२९४७२७ |
| खानेपानी र सरसफाई | ३४५०००० | ३५५३५०० | ३६६०१०५ | ३७६९९०८ |
| शिक्षा | ६८२३१००० | ७०२७७९३० | ७२३८६२६८ | ७४५५७८५६ |
| स्वास्थ्य | २८८००००० | २९६६४००० | ३०५५३९२० | ३१४७०५३८ |
| लैससास | १०००००० | १०३०००० | १०६०९०० | १०९२७२७ |
| पूर्वाधार विकास | ७९६१४००० | ८२००२४२० | ८४४६२४९३ | ८६९९६३७ |
| यातायात पूर्वाधार | ३००३४००० | ३०९३५०२० | ३१८६३०७१ | ३२८१८९६३ |
| भवन,आवास तथा शहरी विकास | ४३९०००००० | ४५२१७००० | ४६५७३५१० | ४७९७०७१५ |

| विषय क्षेत्र / उपक्षेत्र | चालु आ.व.को संशोधित अनुमान | आ.व. २०८१/०८२ को खर्च प्रक्षेपण | आ.व. २०८२/०८३ को खर्च प्रक्षेपण | आ.व. २०८३/०८४ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|
| उर्जा | ५२०००००० | ५३५६००० | ५५१६६८० | ५६८२१८० |
| सम्पदा पूर्वाधार | ४८०००० | ४९४४०० | ५०९२३२ | ५२४५०९ |
| सुशासन तथा अन्तर सम्वन्धित क्षेत्र | ४४०००००० | ४५३२००० | ४६६७९६० | ४८०७९९९ |
| श्रम तथा रोजगारी | ४०००००० | ४१२००० | ४२४३६० | ४३७०९०९ |
| गरिवी निवारण | ४०००००० | ४१२००० | ४२४३६० | ४३७०९०९ |
| योजना तर्जुमा र कार्यान्वयन | ७०००००० | ७२१००० | ७४२६३० | ७६४९९०९ |
| गरिवी निवारण | ४०००००० | ४१२००० | ४२४३६० | ४३७०९१ |
| योजना तर्जुमा र कार्यान्वयन | ७०००००० | ७२१००० | ७४२६३० | ७६४९९०९ |
| तथ्यांक प्रणालि | ९०००००० | ९२७००० | ९५४८१० | ९८३४५४ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १११९३३००० | ११५२९०९९० | ११८७४९७२० | १२२३१२२११३ |
| **कुल जम्मा** | **५३८४७६०००** | **५५४६३०२८०** | **६०८२१०७८७** | **१६३२५५८०७३** |

# परिच्छेद ३: आर्थिक क्षेत्र

नासोँ गाउँपालिकालको आवधिक योजनाले तय गरेको आर्थिक क्षेत्रसंग सम्बन्धीत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा आर्थिक विषयगत क्षेत्रको मध्यमकालीन खर्च संरचना तयार पारिएको छ।

आर्थिक विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान:

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| आर्थिक बर्ष २०८०/०८१ | १६९४५००० | | | | | | | |
| आर्थिक बर्ष २०८१/०८२ | १७४५३३५० | | | | | | | |
| आर्थिक बर्ष २०८२/०८३ | १७९७६९५० | | | | | | | |
| आर्थिक बर्ष २०८३/०८४ | १८५१६२५८ | | | | | | | |

## ३.१ कृषि तथा भूमि व्यवस्था

### ३.१.१ पृष्ठभूमि

जनसंख्याको अधिकाश संख्या रोजगारी तथा जीविकाको लागि कृषिमा निर्भर रहेको एवं कृषि क्षेत्रमा साना र मझौला किसानहरुको बढी संलग्नता रहेको छ। यस गाउँपालिकाको प्रमुख आर्थिक क्षेत्र मध्ये कृषि एक हो। मुलतः कृषि प्रणली निर्वाहमुखी हुनु र यसमा संलग्न श्रमिकहरुको उत्पादकत्व निकै कम रहंदा यस क्षेत्रवाट श्रमशक्तिको पलायन बढ्दो छ। सिंचाइ सुविधाको अभावमा कृषि क्षेत्रमा उपलब्धि गुमिरहेको छ। कृषि क्षेत्रको प्रमुख वाली अन्तर्गत खाद्यान्न, फलफुल, तरकारी, माछामासु आदी पर्दछन्। आर्थिक कृयाकलापमा बृद्धि ल्याउन कृषि क्षेत्रलाई व्यवसायीकरण, विविधिकरण गर्न आबस्यक छ। दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय जनताको आयमा बृद्धि हुने गरी गाउँपालिकाको स्रोत साधन परिचालन गरिनेछ। यसबाट रोजगारीमा बृद्धि भई स्थानीय जनताको आय आर्जनमा बृद्धि हुनेछ। उक्त सन्दर्भमा प्रमुख खाद्यान्न, फलफूल, तरकारी र माछामासु उत्पादनमा आत्मनिर्भरताका लागि कृषिमा नीतिगत, संरचनागत र संस्थागत सुधार गरी लगानीको वातावरण निर्माण गरिनेछ।

### ३.१.२ समस्या तथा चुनौती

यस गाउँपालिकाको कृषि विकासमा सिंचाइ सुविधाको अभाव, स्रोत साधन र सामाग्रीको न्यून उपलब्धता, आबश्यक भौतिक पूर्वाधारहरु जस्तै सिँचाइ, सडक, कृषि बजार, शीत भण्डार, गोदाम घर, संकलन केन्द्र आदी कृषि विकासको मुल समस्याको रुपमा लिइएको छ। वास्तविक कृषकको पहिचान गरी पशुपालन व्यवसायमा संलग्न गर्न नसकिएको तथा उत्पादित कृषि उपजको बजारीकरण एवं उचित मूल्यमा विक्रि वितरण समेत नभएको।

### ३.१.३ लक्ष्य

स्थानीय उत्पादनलाई व्यवसायिकरण गरी कृषि क्षेत्रलाई प्रतिस्पर्धी र आय आर्जन उन्मुख वनाउने।

### ३.१.४ रणनीति

- स्थानीय उत्पादनलाई प्राथमिकता दिइने,

- कृषि उत्पादन र उत्पादकत्व र प्रतिस्पर्धी क्षमता विकास गर्ने,
- तुलनात्मक लाभ हुनसक्ने स्थानीय बालीनाली र आधारभुत खाद्य वस्तुको उत्पादनबाट आधारभुत आय हासिल गर्ने,
- कृषि क्षेत्रको अतिरित्त श्रमशक्तिलाई कृषि तथा गैरकृषिमा आधारित सेवा र उद्योग क्षेत्रतर्फ आकर्षित गरी यस क्षेत्र माथिको निर्भरता कम गर्ने,
- जलवायु परिवर्तन र प्रकोपवाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री कृषि प्रविधिको विकास र विस्तार गर्ने,
- कृषि तथा पशुसेवामा प्रयोग भइरहेको स्थानीय सिपलाई आधुनिक सिप र प्रविधिमा अनुमिलन गराइ दिगो कृषि विकास गर्ने,
- सिंचाइका उपयुत्त प्रविधि समेतको उपयोग गरी सिंचित क्षेत्र विस्तार गर्ने,
- कृषि उपजलाई बजारीकरण गर्ने ।

**३.१.५ परिमाणात्मक स्थिति**

कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि उपजमा आत्मनिर्भर हुने ।

**३.१.६ अपेक्षित उपलब्धि**

कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी स्थानीय अर्थतन्त्रमा टेवा पुग्नेछ ।

**३.१. ७ जोखिम तथा अनुमान**

गाउँपालिकाले कृषि सम्वन्धी आवश्यक मापदण्ड, कार्यविधि, तथा निर्देशिकाहरु निर्माण गरीसकेको हुनेछ । बेरोजगार युवाहरु कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन । कृषि, प्रविधि, मल, गुणस्तरीय बीउ तथा कृषि सामाग्री, कृषि प्रसार, कृषि भूमिको संरक्षण र एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ । साथै कृषि क्षेत्रमा जलवायु परिवर्तन र प्रकोपको असरले लक्ष्य हासिल गर्नमा जोखिम रहन सक्दछ ।

## ३.२ सिँचाइ

**३.२.१ पृष्ठभूमि**

यस नासौँ गाउँपालिका भएर बहने विभिन्न खोलाहरु र जमिन मुनीरहेको जलस्रोत बाट गाउँपालिकाको खेती योग्य भुमीमा सिँचाइ सुविधा पूर्याइ रोजगारी र आर्थिक विकासका नया क्षेत्रहरुको ढोका खुल्न सक्ने देखिन्छ । यसबाट गाउँपालिकाको खाद्यन्न उत्पादनमा बृद्धि भइ खाद्य सुरक्षाको अवस्थामा सुधार गर्न र निर्यातमा योगदान पुग्ने देखिन्छ ।

**३.२.२ समस्या तथा चुनौती**

प्राकृतिक प्रणालीमा आधारीत नदी (रन अफ द रिभर) आधारीत भएकोले वर्षैभरि भरपर्दो सिँचाई सुबिधा उपलब्ध गराउन नसक्नु, प्राकृतिक मुल तथा मुहानहरु सुक्दैजानु, नदीजन्य निर्माण सामाग्रीको अत्यधिक दोहन हुनाले नदीको बेड लेभल घट्दै जानु आदी यस क्षेत्रका प्रमुख समस्या हुन् ।

**३.२.३ लक्ष्य**ः कृषि योग्य भूमिमा दिगो एवं भरपर्दो सिँचाई सुबिधा उपलब्ध गराउने ।

**३.२.४ रणनीति**

- कृषि विकास रणनीति अनुसार गुरुयोजना बनाई सिँचाई योजनाहरुको विकास एवं विस्तार गर्ने ।
- छिमेकी स्थानीय तह, संघ र प्रदेश संग समन्वय गरी बाह्रै महिना सिँचाई सुविधा उपलब्ध हुने आयोजनालाई प्राथमिकताका साथ अघि बढाउने ।

**३.२.५ परिणात्मक स्थिति**ः कृषि योग्य जमिनमा बाह्रै महिना सिँचाई सुविधा उपलब्धहुन सन्ने ।

**३.२.६. अपेक्षित उपलब्धि**

सिँचाई सेवाको विकास र विस्तार भई खेतीयोग्य जमीनमा सिँचाई सुविधा उपलब्ध हुनेछ।

### ३.२. ७ जोखिम तथा अनुमान

गाउँपालिकाले सिंचाइ सम्वन्धी आवश्यक मापदण्ड, कार्यविधि, तथा निर्देशिकाहरु निर्माण गरीसकेको हुनेछ। वञ्जर जमिनमा सिंचाइको व्यवस्था पश्चात बेरोजगार युवाहरु कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन। साथै हिमाली भूमि भएका कारण भूक्षय तथा पैह्रोको जोखिम रहन सक्दछ।

## ३.३ पशुपन्छी

### ३.३.१ पृष्ठभूमि

नार्सों गाउँपालिका क्षेत्रमा पशुजन्य उत्पादन र उत्पादकत्व उच्च रहेका छ। उन्नत नश्लका गाई भैसी, बाख्रा, हास तथा कुखुरापालनको अभ्यास विस्तार हुँदै गएको यस क्षेत्रमा प्रसस्त जंगल तथा चरन क्षेत्र र पशु आहारको सहज उपलब्धता रहेको छ। व्यावसायिक पशुपालनका लागि बाख्रा, भेडा, माछा, पालन गर्न सकिन्छ। गाउँपालिकाले कृषि सहकारीको माध्यमबाट पशुपन्छीपालन व्यवसायलाई एकद्वार प्रणालीमार्फत व्यवस्थित तथा वैज्ञानिक बनाउने, उन्नत नश्ल युक्त पशुपालन व्यवसायलाई प्राथमिकता दिने, पशुपालन व्यवसायलाई आधुनिक प्रविधि मैत्री बनाउने नीति लिएको छ। यस क्षेत्रमा पशुजन्य उत्पादनको बाइप्रोडक्ट प्रशोधन तथा बजारीकरण कार्यक्रम, व्यावसायिक पशुपंछी तथा कृषक विमा कार्यक्रम र निजी तथा सहकारी क्षेत्रको सहभागितामा मुल्य श्रृङखलामा आधारित पशुपंछीपालन व्यावसायीकरण कार्यक्रम सञ्चालनमा रहेका छन।

### ३.३.२ समस्या तथा चूनौति

पशु विशेषज्ञता तथा प्राविधिक सेवाको अभाब, पशुजन्य उत्पादनका लागि बजार व्यवस्थापन भरपर्दो नहुनु, कृषि तथा पशु अनुदानको भरपर्दो व्यवस्था नहुनु, पशु आहारमा गुणस्तरीयताको अभाब, सहुलियत दरमा ऋण व्यवस्थापन नहुनु र पशु बीमा सबसुलभ नहुनु समस्याका रुपमा रहेका छन। पशुजन्य उपजमा गुणस्तरीयता कायम गर्नु, बजारमाग बमोजिम उत्पादन गर्नु र पशुजन्य व्यवसायमा आर्कषण कायम राख्नु मुख्य चुनौतिका रुपमा रहेका छन।

### ३.३.३ सोच

"उत्पादनशील दिगो पशुपालन र व्यवसायीक कृषक"

### ३.३.४ उद्देश्य

क. पशुपालन व्यवसायलाई आधुनिकीकरण, विविधिकरण तथा व्यवसायीकरण गर्नु,

ख. पशुपालन क्षेत्रको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नु,

### ३.३.५ रणनीति

- पशुपंक्षीपालनलाई कृषकहरुको दिगो तथा भरपर्दो आयश्रोतको रुपमा स्थापित गर्ने,
- पशुपंछीपालनलाई अत्याधुनिक तथा प्रतिष्पर्धात्मक बनाउने,
- पशुपंछीपालनको अभिवृद्धिमा संघ, प्रदेश र अन्तरपालिकाका सहकार्यमा जोड दिने,
- कृषि तथा पशु उत्पादनको बजार पहुच वृद्धि गर्न सार्वजनिक, नीजि, सहकारी अवधारणामा आधारित उत्पादन र बजारीकरण नीति अवलम्बन गर्ने।

### ३.३.६ जोखिम तथा अनुमान

सङघीय शासन प्रणाली अनुसार तीन तह बीच नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ। वेरोजगार युवाहरुलाई कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन। प्रविधि, पशु प्रसार, चरण क्षेत्र र आहार, पशुपंक्षी उपचार एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ।

## ३.४ सहकारी तथा गरिबी निवारण

### ३.४.१ पृष्ठिभूमि:

स्थानीय आर्थिक विकासमा सहकारीको प्रवर्धन र परिचालन गदै गरिबी निवारण गर्ने तर्फ यस गाउँपालिकाले कार्य गर्नु पर्नेछ । सबै कृषकले सवै क्षेत्रमा उत्पादन गर्न सक्दैनन्, लागत तथा आर्थिक क्रियाकलाप र जमिन र भुगोलका कारण सवै क्षेत्र उपयोगी हुदैन पनि त्यसकारण गाउँपालिकाले सर्वेक्षण गरि निश्चित क्षेत्र र व्यवसाय तोकि एक क्षेत्र/गाँउ एक उत्पादनमा जोड दिनु उपयुत्त हुन्छ ।

### ३.४.२ समस्या र चुनौती:

स्थानीय स्तरमा रहेका सहकारीहरुको सुचीकृत गर्न नसकिएको, सहभागी सदस्य, लाभान्वीत संख्या र सहकारीको उद्धेश्य सम्बन्धमा तथ्याङ्क संकलन नभएको ।

### ३.४.३ लक्ष्य:

स्थानीय आर्थिक विकासमा सहकारीको प्रवर्धन र परिचालन गदै गरिबी निवारणमा सघाउ पुर्याउने ।

### ३.४.४ रणनीति तथा कार्यनीति:

- एक क्षेत्र/गाँउ एक उत्पादन,
- प्रतेक वडामा एक संकलन तथा विक्री केन्द्रको स्थापना गरि सहकारीहरुलाई परिचालन गर्ने,
- विषगतरुपमा दुग्ध विकास, पशु विकास, घरेलु तथा लघु उद्यम, कृषि खाध्य तथा उत्पादन विकास, पशु पक्षिं विकास, विउ विजन विकास, तरकारी तथा फलफुल विकास र वचत तथा ऋण जस्ता सहकारीहरुको प्रवर्धन र परिचालन गर्ने ।

### ३.४.५ परिणात्मक स्थिति:

स्थानी स्तरमा हरेक परिवार सहकारीमा आवद्ध भएका हुनेछन, प्रतेक वडामा एक संकलन तथा विक्री केन्द्रको स्थापना गरि सहकारीहरु परिचालन भएका हुनेछन् ।

**३.४.६ अपेक्षित उपलब्धि**: दिगो विकास लक्ष्य १ हासिल गर्ने ।

### ३.४.७ जोखिम तथा अनुमान

सहकारी संस्थाहरु उत्पादनमूलक, व्यवसायमूलक भई स्थानीय उत्पादनको बजारीकरण बढी क्रियाशिल हुनेछन । यस्ता संस्थाहरुको खराब कर्जा जोखिमका रुपमा रहेको छ ।

## ३.५ उद्योग, वाणिज्य तथा आपूर्ति

### ३.५.१ पृष्ठभूमि

गाउँपालिकाले स्थानीय जनतालाई उद्यमशील बनाई घरेलु, साना तथा मझौला उद्योगको विकास र विस्तारमा संलग्न गराएर गाउँपालिकाको आर्थिक विकासलाई गतीशील बनाउन आवश्यक छ । उद्योगको विकासले रोजगारीको अवसरमा बृद्धि हुनुका साथै स्थानीय स्रोत साधनको उच्चतम परिचालन समेत हुने छ ।

### ३.५.२ समस्या र चुनौती

- स्थानीय जनतामा उद्यमशील सोचको विकास हुन नसक्नु, उत्पादनशील क्षेत्रमा स्थानीय पूँजी परिचालन हुन नसक्नु, साना उद्यमीको उत्पादन बाहिरी ठूला उद्योगको उत्पादन संग बजारमा प्रतिस्पर्धा गर्न नसक्नु, स्थानीय तहमा निजी क्षेत्र आकर्षित हुन नसक्नु, घरेलु तथा साना उद्योग प्रवर्धनमा पुँजी, सीप, कच्चा पदार्थ र प्रविधि संयोजन गर्न स्थानीय तहको निजी क्षेत्रले नेतृत्व लिन नसक्नु, कृषि संग अन्य क्षेत्र जस्तै वन, खानी जोडिन नसक्नु यस क्षेत्रका समस्या हुन्,
- लगानी मैत्री वातावरण सृजना गरी लागत लाभका आधारमा उद्यमीलाई आकर्षित गर्नु, पूर्वाधारको विकास गर्नु, कच्चा पदार्थको उपलब्धता, भरपर्दो श्रम नीति नहुनु आदी यस क्षेत्रको विकासको चुनौति हुन् ।

### ३.५.३ लक्ष्य

- घरेलु तथा साना उद्योगको विकास र विस्तारबाट गाउँपालिकाको आर्थिक विकासमा योगदान गर्ने,
- आन्तरिक उत्पादनलाई प्रतिस्पर्धी बनाउदै, तुलनात्मक लागत लाभको दृष्टिले फाइदा हुने खालको बस्तु तथा सेवा उत्पादनमा जोड दिई आयात प्रतिस्थापनको नीति अवलम्वन गरिनेछ।

### ३.५.४ रणनीति

- स्थानीय जनताले सञ्चालन गर्न सक्ने घरेलु उद्योगको प्रवर्धन गर्ने,
- रोजगारीमा घरेलु उद्योग सञ्चालन गर्न लगानीको वातावरण निर्माण गर्ने,
- स्थानीय श्रमीकलाई रोजगार दिन सक्ने उद्योगलाई विशेष प्राथमीकता दिने।

### ३.५.५ परिणात्मक स्थिति

- स्थानीय जनताले सञ्चालन गर्न सक्ने घरेलु उद्योगको प्रवर्धन भएको हुनेछ,
- रोजगारीमा घरेलु उद्योग सञ्चालन गर्न लगानीको वातावरण निर्माण हुने छ।

### ३.५.६ अपेक्षित उपलब्धि

स्थानीय आर्थिक विकासमा उल्लेख्य सुधार भएको हुनेछ।

### ३.५.७ जोखिम तथा अनुमान

सङघीय शासन प्रणाली अनुसार तीन तह बीच नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ। वैदेशिक रोजगारबाट प्राप्त पूँजी उद्योग तथा व्यवसायमा परिचालन हुनेछ र वेरोजगार युवाहरुलाई कृषि तथा गैर कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन। उपरोक्त अवस्था कायम रहन नसकेमा लक्ष्य हासिल गर्न कठिनाई हुन सक्नेछ।

## ३.६ सम्पदा, संस्कृति तथा पर्यटन

### ३.६.१ पृष्ठभूमि

नासोँ गाउँपालिकाकाको आर्थिक विकासका विभिन्न क्षेत्रहरुमध्ये पर्यटन एक महत्वपूर्ण क्षेत्र हो। आफूसँग भएको भौतिक तथा प्राकृतिक सम्पदा, धार्मिक तथा पर्यटकीय स्थल, आफ्नो सामाजिक, भाषीक, साँस्कृतिक जीवन पद्दति आदि सम्बन्धी विषयबारे अरुलाई जानकारी गराई ती स्थानहरुमा भ्रमण गराई आय आर्जन गर्न सकिने व्यवसाय पर्यटन उद्योग हो। गाउँपालिकाले संस्कृतिको जगेर्ना तथा पर्यटन क्षेत्रमा प्रचुर सम्भावना भएता पनि उल्लेख्य काम गर्न सकिएको छैन।

### ३.६.२ समस्या र चुनौती

- गाउँपालिका सम्म आइपुग्न स्तरीय बाटो हुन नसक्नु, यस क्षेत्रको धार्मिक, ऐतीहासीक, मनोरम क्षेत्रको महत्व बारे पर्याप्त मात्रामा प्रचार प्रसार हुन नसक्नु, यस क्षेत्रमा उत्पादन हुने खाद्यान्न आदीको पहिचान हुन नसक्नु पर्यटन विकासको समस्या हो भन्न सकिन्छ।

### ३.६.३ लक्ष्य

धार्मिक तथा मनोरञ्जनका लागि नेपाल आएको वाह्य तथा आन्तरिक पर्यटकलाई आकर्षित गर्ने।

### ३.६.४ रणनीति

- होटल तथा होमस्टे स्तरिकरण तथा निर्माणमा सहजीकरण गर्ने,
- स्थानीय कृषि तथा पशुपंक्षी उद्यमशीलतामा प्रवर्धन गर्ने,
- पंकरताल, डोना तालहरूको व्यापक प्रचार प्रसार गर्ने।

### ३.६.५ परिणात्मक स्थिति

पर्यटकको आकर्षण बढाउनका लागि स्तरिय होटल तथा होमस्टेको व्यवस्था गरिने छ। पर्यटकिय क्षेत्रहरुको विकास र प्रवर्धन भएको हुनेछ।

### ३.६.६ अपेक्षित उपलब्धि

पर्यटन क्षेत्रको विकास र विस्तार, गाउँपालिकाको आर्थिक विकासको आधार हुनेछ।

### ३.६.७ जोखिम तथा अनुमान

अन्तर सरकार, नीजि क्षेत्र तथा नागरिक साझेदारीमा पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्धन तथा सेवा सुविधाको विकास र विस्तार हुनेछ। स्थानीय वेरोजगार युवाहरु पर्यटन व्यवसायमा आकर्षिक हुनेछन। यातायात, भौतिक संरचनाका साथै कोभिड १९ लगायत अन्य महामारी, विपदले पर्यटन क्षेत्रको अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन सक्दछ।

## ३.७ श्रम तथा रोजगारी

### ३.७.१ पृष्ठभूमि

यस गाउँपालिका धेरै जसो मानिसहरु कृषि, पर्यटनमा संलग्न रहेको पाइन्छ भने केही युवाहरुको दैनिक ज्यालादारी नै रोजगारको मुख्य स्रोत रहेको पाइन्छ। केही युवाहरु निजी तथा संस्थागत नोकरी तथा आफ्नो व्यापार व्यवसाय तर्फ आकर्षित छन्। गाउँपालिकाको श्रमजिवि जनसंख्या विदेशमा रोजगारी तथा उच्च शिक्षाका लागि गएको तथ्याङ्ककले देखाएको छ।

### ३.७.२ समस्या र चुनौती

गाउँपालिका स्त्तरमा दक्ष, अर्धदक्ष र सामान्य दक्ष श्रमिक तथा बेरोजगार जनशक्तिको तथ्याङ्क संकलन र सुचीकरण गर्नु तथा हरेक वर्ष अध्याबधिक, वर्गिकरण र विश्लेषण नहुनु प्रमुख समस्याको रुपमा रहेको छ। बैदेशिक रोजगारमा अधिकांश जनशक्ति रहेको छ। स्थानीय आर्थिक विकासका कार्यक्रमहरु लागु गरि सो जनशक्ति यही श्रम तथा रोजगारी गर्ने वातावरणको श्रृजना गनु आवस्यक छ।

### ३.७.३ लक्ष्य

रोजगार बैंकको स्थापना, उद्यमशीलताको प्रवर्धन र रोजगारीको श्रृजना

### ३.७.४ रणनीति

- सिपमुलक र प्राविधिक तालिम, कच्चा पदार्थको व्यवस्था, विउ पूंजी, विक्री वितरणको व्यवस्थामा सहजीकरण गर्ने,
- बैदेशिक रोजगारमा रहेका तथा फर्केका जनशक्तिहरुको तथ्याङ्क संकलन गरि उत्त सिपयुक्त जनशक्तिको स्थानीय स्त्तरमा प्रविधि र सिप हस्तान्तरणका लागी उपयुक्त लगानीको वातावरण तथा रोजगारीको सृजना गर्दै गाउँपालिकामै उद्यमशीलतामा लगाउन सकिने अवस्थाको विकास गर्ने।

### ३.७.५ परिणात्मक स्थिति

- बैदेशिक रोजगारमा जाने दर उल्लेख्य रुपमा घटेको हुनेछ,
- जनशत्तीको अद्यावधिक  खण्डिकृत तथ्याङ्क उपलव्ध हुनेछ,
- रोजगार बैंकको स्थापना भई उद्यमशीलताको प्रवर्धन र रोजगारीको श्रृजना भएको हुनेछ।

### ३.७.६ अपेक्षित उपलब्धि

उद्यमी गाउँपालिकाको रुपमा विकास हुने छ।

# परिच्छेद ४: सामाजिक क्षेत्र

नासों गाउँपालिकाको आवधिक योजनाले तय गरेको सामाजिक क्षेत्रसंग सम्बन्धित सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा आर्थिक विषयगत क्षेत्रको मध्यमकालीन खर्च संरचना तयार पारिएको छ।

सामाजिक विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| आर्थिक बर्ष २०८०/०८१ | १२४१०७००० | | | | | | | |
| आर्थिक बर्ष २०८१/०८२ | १२७८३०२१० | | | | | | | |
| आर्थिक बर्ष २०८२/०८३ | १३१६६५११६ | | | | | | | |
| आर्थिक बर्ष २०८३/०८४ | १३५६१५०६९ | | | | | | | |

## ४.१ स्वास्थ्य तथा पोषण

### ४.१.१ पृष्ठभूमि

स्वास्थ्य मानव विकास सूचकांकको एक महत्वपूर्ण आधार हो। गाउँवासीलाई स्वस्थ बनाई राख्नका लागि स्वास्थ्य संस्था, स्वास्थ्य कर्मचारी, स्वास्थ्य पूर्वाधारको आबश्यकता पर्दछ जुन प्रर्याप्त हुन सकिरहेको छैन। यस गाउँपालिकाले स्वाथ्य तथा पोषण क्षेत्रमा दिगो विकास लक्ष्य हासिल गर्ने उदेस्यका साथ कार्य गरिरहेको छ।

### ४.१.२ समस्या र चुनौती

- लक्षित वर्ग पहुंच विहिन व्यक्तिहरुलाई सम्बोधन गर्न नसक्नु,
- स्वास्थ्य सेवा सर्व सुलभ हुन नसक्नु,
- जनचेतनाको कमि।

### ४.१.३ लक्ष्य

पालिकाबासीको स्वस्थ्य र पोषणमा सुधार गर्दै विकासमा मूल प्रवाहीकरण, समावेशीकरण, सशक्तिकरण गर्ने।

### ४.१.४ रणनीति

- गाउँपालिका भित्रका सबै वडामा स्वास्थ्य संस्थाहरुको विकास र विस्तार गर्ने,
- आधारभूत स्वास्थ्य सेवामा सवैको पहुच गराउने,
- पालिकाबासीलाई पोषणयुक्त खानाको बारे सुसुचित गर्ने।

### ४.१.५ परिणात्मक स्थिति

- स्वास्थ्य संस्थाहरुको विकास र विस्तार भएको हुनेछ,
- गाउँपालिकामा कम्तिमा एक वटा १५ शैयाको अस्पतालको स्थापना हुनेछ,
- निशुल्क रुपमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध हुनेछ,
- पोषणयुक्त खानाको बारे व्यापक रुपमा प्रचार प्रसार भएको हुनेछ।

### ४.१.६ अपेक्षित उपलब्धि

दिगो विकास लक्ष्य हासिल गर्ने तर्फ उन्मुख हुनेछ ।

### ४.१.७ जोखिम तथा अनुमान

प्रस्तावित कार्यक्रमको लागि संस्थागत सुदृढीकरण, पर्याप्त स्रोत विनियोजन, स्वास्थ्य सामाग्रीको उपलब्धता, जनशक्ति व्यवस्थापन, अन्तर सरकार र सरोकारवाला बीच समन्वय हुन नसकेकमा अपेक्षित नतिजा हासिल नहुन सक्छ ।

## ४.२ शिक्षा, विज्ञान तथा प्रविधि

### ४.२.१ पृष्ठभूमि

नासौं गाउँपालिकाको १५ देखि २४ उमेर समुहको साक्षरता ९८ प्रतिशत छ । नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा तथा संस्कृति सम्बन्धी हकको जर्गेना गर्दै प्रविधि मैत्री, गुणस्तरिय, उत्पादकत्व वृद्धि गर्ने र आत्मनिर्भरतातर्फ उन्मुख जनशक्ति उत्पादनमा जोड दिने यस गाउँपालिकाको ध्येय रहेको छ । गाउँपालिका भित्रका बालबालिका हरुलाई शिक्षाको नैसर्गिक अधिकारबाट वञ्चित हुन नदिन गाउँपालिका प्रतिबद्ध छ ।

### ४.२.२ समस्या र चुनौती

शिक्षक दरबन्दीको असमान वितरण, बजार क्षेत्रमा विद्यार्थीको अधिक चाप र ग्रामीण क्षेत्रमा विद्यार्थीको न्यूनता, विषयगत न्यूनतम शिक्षक दरबन्दीको कमी, विद्यार्थीको सिकाई उपलब्धि सन्तोषजनक नहुनु, विद्यालयको विकासमा समुदायको चासोको कमी, विद्यार्थी केन्द्रित शिक्षणको कमी, प्रयोगशाला पुस्तकालयको अपर्याप्तता ।

### ४.२.३ लक्ष्य

शिक्षण संस्थाको शैक्षिक गुणस्तर बृद्धिगर्दै विद्यार्थीहरुको सिकाई उपलब्धि अभिबृद्धि गर्ने ।

### ४.२.४ रणनीति

- शिक्षक दरबन्दी मिलान कार्यदल गठन गर्ने,
- कक्षा क्रियाकलापलाई प्रभावकारी र सुदृढ पार्ने,
- विद्यालयको आवश्यकता पहिचान गरी भौतिक निर्माण गराउने,
- विद्यालय अनुगमनको लागि जनशक्तिको व्यवस्था गर्ने ।

### ४.२.५ परिणात्मक स्थिति

- प्रत्येक शैक्षिक सत्रमा औसत सिकाई बृद्धि हुनेछ,
- शिक्षकको शिक्षण क्षमता विकास भएको हुनेछ,
- विद्यालयहरुको भौतिक सुविधा विस्तार हुनेछ,
- कक्षा दोहोर्याउने दर (१–५) मा शुन्य हुनेछ, खुद भर्ना दर (१–५) मा १०० प्रतिशत पुर्याइनेछ,
- स्थानीय पाठ्यक्रम निर्माण गरी सोही अनुकुल पाठ्य सामाग्री निर्माण गरिनेछ,
- विद्यार्थीहरुको सिकाई उपलब्धि बृद्धि गरिनेछ ।

### ४.२.६ अपेक्षित उपलब्धि

दिगो विकास लक्ष्य हासिल गर्ने तर्फ उन्मुख हुनेछ ।

### ४.२.७ अनुमान तथा जोखिम

गाउँपालिकाले सामाजिक विकास सम्वन्धी ऐन, नीति, मापदण्ड, कार्यविधि, तथा निर्देशिकाहरु निर्माण गरिसकेको हुनेछ । अन्तर सरकार र समुदायको सहकार्य र साझेदारीमा वृद्धि नभए लक्ष्य हासिल हुन कठिनाइ उत्पन्न हुन सक्नेछ ।

## ४.३ खानेपानी तथा सरसफाइ

### ४.३.१ पृष्ठभूमि

स्वस्थ्य जीवनका लागि स्वछ खानेपानी तथा सरसफाई अनिवार्य हुन्छ । सरसफाई तथा वातावरणीय स्वास्थ्यसँग सम्बन्धित पक्षहरुमा जमीन, हावा तथा पानी पर्दछन् । यी पक्षहरुको स्वस्थताका लागि शौचालय निर्माण, रुख विरुवा संरक्षण, धुँवा धुलो ध्वनि मुक्त वातावरणको आवश्यकता पर्दछ । स्वछ खानेपानी तथा सरसफाईका क्षेत्रमा गाउँपालिकाले उल्लेख्य काम गर्नु पर्ने आवस्यकता छ ।

### ४.३.२ समस्या र चुनौती

स्वछ खानेपानी तथा सरसफाईका क्षेत्रमा गाउँपालिकाले उल्लेख्य काम नसक्नु, जनचेतनाको कमि ।

### ४.३.३ लक्ष्य

स्वच्छ खानेपानी समेतको सफाईयुक्त सहर निर्माण गर्ने ।

### ४.३.४ रणनीति

- परंपरागत पानीको स्रोतलाई व्यवस्थीत गर्ने,
- नयाँ पानीको स्रोतको पहिचान गरी आधुनिक प्रविधिबाट स्वच्छ खानेपानी उपलब्ध गराउने, ल्याण्डफिल साइटको पहिचान गरी फोहोरमैला व्यवस्थापन गर्ने ।

### ४.३.५ परिणात्मक स्थिति

- स्थानीयबासीलाई स्वच्छ खानेपानी उपलब्ध हुनेछ,
- सरसफाई युक्त हराभरा गाउँपालिकाको विकास हुनेछ ।

### ४.३.६ अपेक्षित उपलब्धि

स्वच्छ खानेपानी, पूर्णसफाई युक्त गाउँपालिका हुनेछ ।

### ४.३.६ जोखिम तथा अनुमान

प्रस्तातिव बजेट, कार्यक्रम सुनिश्चितता भई आयोजना संचालन तथा मर्मत संभार र स्तरोन्नति भएमा अपेक्षित उपलब्धि हासिल हुने देखिन्छ । आयोजनाको ढिला निर्माण र उचित व्यवस्थापन हुन नसक्नु खानेपानी र सरसरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्न जोखिम पक्षको रुपमा आँकलन गरिएको छ ।

## ४.४ युवा, खेलकुद तथा नवप्रवर्तन

### ४.४.१ पृष्ठभूमि

युवा विकासको महत्वपूर्ण उमेर समूहको जनशक्ति हो । युवा जनशक्तिलाई उद्यमशील कार्यमा आकर्षित गर्न सकेको खण्डमा आर्थिक क्रियाकलाप बढ्न गई गाउँपालिकाले चाहेको विकास गर्न सक्दछ भन्ने उदेस्यका साथ युवाहरुलाई विकासको मुल प्रवाहमा ल्याइने छ । खेलकुद तथा नवप्रवर्तनका क्षेत्रमा युवा लक्षित कार्यक्रमहरु ल्याउदै युवाहरुलाई आर्किषत गर्नुपर्ने आवस्यकता छ ।

### ४.४.२ समस्या र चुनौती

- युवा उद्यमीले उत्पादन गरेको वस्तु तथा सेवा प्रतिस्पर्धाका आधारमा बजारमा बिक्रि गर्न नसक्नु,
- स्तरीय खेल मैदानको अभाव,
- युवा लक्षित पर्याप्त कार्यक्रमहरु नहुनु,
- खेलकुदमा संलग्न युवा युवतीको भविस्यको सुनिश्चितता गर्नु । खेलकुदमा संलग्न युवा युवतीलाई विभिन्न संस्थाहरुले रोजगारीको अवसर दिने परिपाटीको विकास हुनु ।

### ४.४.३ लक्ष्य

- युवा वर्गलाई स्थानीय तहमै बसी उद्यमशील कार्यमा संलग्न हुन आकर्षित गर्ने,

- खेलकुदमा संलग्न युवा युवतीको भविस्यको सुनिश्चितता गर्नु,
- खेलकुदमा संलग्न युवा युवतीलाई विभिन्न संस्थाहरुले रोजगारीको अवसर दिने परिपाटीको विकास हुनु।

### ४.४.४ रणनीति

- उद्योग तथा व्यवसायको क्षेत्र पहिचान गरी युवाहरुलाई लगानीको लागि उत्प्रेरी गर्ने,
- युवाहरुले सञ्चालन गर्ने उद्योगका लागि बैंक तथा वित्तिय संस्था मार्फत ऋण उपलब्ध गराउने,
- प्रत्येक वढामा खेल मैदान निर्माण गर्ने,
- उत्कृष्ट खेलाडीलाई पुरस्कृत गर्ने।

### ४.४.५ परिणात्मक स्थिति

- उद्यमि युवाहरुको विकास हुनेछ,
- खेलकुदका पुर्वाधार निर्माण गरिनेछ,
- नवप्रर्वतनमा युवाहरु उत्प्रेरित हुनेछ।

### ४.४.६ अपेक्षित उपलब्धि

युवाहरु विकासको मुल प्रवाहिकरणमा समावेश हुने छन्।

### ४.४.७ जोखिम तथा अनुमान

भौगोलिक विकटताले गर्दा खेलमैदान बनाउन गाह्रो हुने। युवा तथा खेलकुद सम्बन्धी कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्था भइ यससँग सम्बन्धित निकायको संस्थागत विकास, जनशक्ति व्यवस्थापन र खेलाडीलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल नहुन सक्छ।

## ४.५ महिला, बालबालिका तथा समाज कल्याण

### ४.५.१ पृष्ठभूमि

सामुदायिक तथा राजनीतिक क्षेत्रमा महिला तथा बालवालिकाको सहभागिता र प्रतिनिधित्व पुरुषको दाँजोमा न्यून रहेको पाइन्छ। सामाजिक सशक्तिकरणको अभाव, साँस्कृतिक, धार्मिक, पारिवारिक वञ्चितिकरणको प्रभावले महिला, बालबालिका तथा जेष्ठ नागरिकहरु पिछडिएको अवस्थामा जीवनयापन गरिरहेको अवस्था छ।

### ४.५.२ समस्या र चुनौती

लक्षित वर्ग पहुंच विहिन व्यक्तिहरुलाई सम्बोधन गर्न नसक्नु। महिला वालबालिका तथा जेष्ठ नागरिकहरुको समस्या सम्बोधन गर्ने सोंच भएता पनि नीति बनाउन सकिको छैन। वालवालिका मैत्री वातावरण निर्माण गर्न नसक्नु। आर्थिक विपन्नता भएको घर परिवारका वालवालिकालाई पोषणयुक्त खाना, वाल शिक्षा दिनु चुनौतिपूर्ण रहेको छ।

### ४.५.३ लक्ष्य

- बालवालिकाको शिक्षा र स्वास्थ्य सम्बन्धि अधिकार सुनिश्चित गर्ने,
- महिलाहरुलाई मूल प्रवाहीकरण, समावेशीकरण, सशक्तिकरण गर्ने,
- ज्येष्ठ नागरीकलाई आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउने।

### ४.५.४ रणनीति

- महिलाहरुलाइ आय आर्जनको क्षेत्रमा संलग्न गराउने,
- महिला तथा घरेलु हिंसा विरुद्ध आवाज उठाउन महिलाहरुलाइ गोलबद्ध गर्ने,
- घुम्ती स्वास्थ्य सेवाहरु उपलब्ध गराउने,
- शिशु स्याहार केन्द्र स्थापना गर्ने,
- बाल स्वास्थ्य घुम्ती केन्द्र स्थापना गर्ने।

### ४.५.५ परिणात्मक स्थिति

- महिला साक्षरता दर बृद्धि गर्ने, सडक वालवालिका शुन्यमा झार्ने,
- जेष्ठ नागरिकहरुमा आधारभुत स्वास्थ्य पुगेको हुनेछ ।

### ४.५.६ अपेक्षित उपलब्धि

आर्थिक, सामाजिक, राजनीतिक, साँस्कृतिक सशक्तिकरण भएको हुनेछ । समतामुलक समाजको निर्माण तर्फ अग्रसर हुनेछ ।

### ४.५.७ जोखिम तथा अनुमान

सम्बन्धित कार्यक्रममा प्राथमिकताका साथ बजेट विनियोजन, व्यावहारिक कार्यान्वयन तथा नीतिगत परिवर्तन भएको हुनेछ । यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ ।

# परिच्छेद ५: पूर्वाधार क्षेत्र

नासोँ गाउँपालिकाको आवधिक योजनाले तय गरेको पूर्वाधार क्षेत्रसंग सम्बन्धित सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा आर्थिक विषयगत क्षेत्रको मध्यमकालीन खर्च संरचना तयार पारिएको छ।

पूर्वाधार विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| आर्थिक बर्ष २०८०/०८१ | ९०१८४००० | | | | | | | |
| आर्थिक बर्ष २०८१/०८२ | ९२८८९५२० | | | | | | | |
| आर्थिक बर्ष २०८२/०८३ | ९५६७६२०५ | | | | | | | |
| आर्थिक बर्ष २०८३/०८४ | ९८५४६४९१ | | | | | | | |

## ५.१ भवन, आवास, बस्ती तथा शहरी विकास

### ५.१.१ पृष्ठभूमि

नेपालको संविधानले पनि सुरक्षित तथा वातावारण मैत्री आवासको हकलाई प्रत्याभूति गरेको छ। मानव जीवनको आधारभूत आवश्यकताहरू मध्ये आवास पनि एक हो। पछिल्लो समय शहरी प्रभावका कारण नासोँ गाउँपालिकामा वस्तीहरुको विकास बढ्दो रहेको छ। गाउँपालिकाको क्षेत्रगत अध्ययन अनुसार गाउँपालिकाका अधिकांश घरहरू कच्ची रहनुले यस गाउँपालिकाका घरहरू भूकम्पीय तथा अन्य प्रकोप सुरक्षाको दृष्टिकोणले असुरक्षित तथा जोखिमयुक्त अवस्थामा रहेको स्पष्ट हुन्छ। गाउँपालिकाको केन्द्रतिर बाटो बजार ससाना घरेलु उद्योग देखिएता पनि समग्रमा गाउँपालिकाको सबै वडाहरुमा सेवा तथा सुविधा पुगिसकेको छैन। गाउँपालिकामा विकासका धैरे आयामहरुमा अभ्यास गर्न बाँकी देखिन्छ। गाउँपालिकाको सबै वडाहरुमा सडक सञ्जालको राम्रो विकास भएको देखिँदैन। सहज स्वास्थ्य सुविधा, संचार, बिधुत जस्ता सुविधाहरूको पहुँच पुगेको देखिँदैन। कृषि एवं वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता, भएको हुँदा साना घरेलु उद्योग धन्दाको साथै जडीबुटी प्रशोधन सम्बन्धी उद्योग विकास र विस्तारको सम्भावना रहेको छ। अन्य क्षेत्रहरुमा व्यवस्थित बस्ती विकासको संरचना नदेखिएकोले ती स्थानमा व्यवस्थित गाउँपालिका योजना बनाएर बाटो, खानेपानी र अन्य सामाजिक र भौतिक पूर्वाधारको समयमै विकास गर्नुपर्ने देखिन्छ। गाउँपालिका बासीहरुलाई घरदैलोमा सेवा प्रवाह गर्ने ध्येयका साथ वडा समिति कार्यालयहरु, सम्बन्धित वडामै स्थापना गरी सेवा प्रवाह भैरहेका छन्। यसका अतिरिक्त गाउँपालिकाले विकासका लागि योजना तयार गर्ने दौरानमा वडा भेला, वडा कार्यालय, सरकारी निकायहरु, राजनैतिक पार्टीहरु, गैरसरकारी संस्थाहरु, सामुदायिक संस्थाहरु, टोल विकास संस्थाहरु, बुद्धिजिवीहरु, समाजका प्रतिष्ठित व्यक्तित्वहरु, व्यवसायिक संस्थाहरु, संचारकर्मीहरु तथा योजना तर्जुमा टोली लाई समावेश गरी बढी भन्दा बढी छलफल गरी प्रत्येक टोलका मुख्य तथा सहायक सडकहरूमा सोलार बत्ति जडान, टोल टोलमा सार्वजनिक खानेपानी र खानेपानीको परियोजना तथा पूर्वाधार आदि विकास निर्माणका योजनाहरु तयार गर्नुपर्ने देखिन्छ।

### ५.१.२ समस्या र चुनौती

- अधिकांश घरहरू कच्ची सुरक्षित नभएका ,
- छरिएर रहेका बस्तीहरूलाई एकीकृत गर्न तथा आवास क्षेत्रमा वृद्धाश्रम, धर्मशाला, सामुदायिक भवन आदि निर्माण गर्न प्रशस्त मात्रामा बजेटको आवश्यकता पर्ने ,
- विभिन्न जातजाति र धर्मका मौलिक संस्कृति र परम्परा लोप हुँदै जाने अवस्था रहेको ,
- भूउपयोग योजना निर्माण र कार्यान्वयनमा आउन नसकेको ।

### ५.१.३ लक्ष्य

स्थानीय समाग्री तथा प्रविधिको समुचित प्रयोग र एकिकृत बस्ती विकास मार्फत व्यवस्थित, सुरक्षित र न्यूनतम सुविधायुक्त आवास तथा बस्ती विकास गर्ने । सुन्दर व्यवस्थित संरचना निर्माण गरी पर्यटक आकर्षणको केन्द्र बनाउने ।

### ५.१.४ रणनीति

- मुख्य सहर भित्रको बाटाको चौडाईको मापदण्ड निर्धारण गरी खानेपानी, ढल, विजुली लगायतका संरचना एकिकृत रुपमा निर्माण गर्नु,
- नीजि घर, सार्वजनीक संस्था तथा अन्य भवन निर्माण मापदण्ड अनुसार बनाउन कडाई गर्नु,
- प्राकृतिक प्रकोप लगायतका विपत्तिको सामना गर्न सक्ने गरि आवाश क्षेत्र विकास गर्ने ।

### ५.१.५ परिणात्मक स्थिति

गाउँपालिका क्षेत्र भित्र विन्दु निर्धारण गरी त्यसको निश्चित क्षेत्र भित्र भवन, पार्क आदि निर्माण गरिएको हुनेछ । प्राकृतिक प्रकोप लगायतका विपत्तिको सामना गर्न सक्ने गरि आवाश क्षेत्रको विकास गरिनेछ ।

### ५.१.६ अपेक्षित उपलब्धि

उत्थानशिल पालिकाको निर्माण तर्फ अग्रसर हुनेछ ।

### ५.१.७ जोखिम तथा अनुमान

भवन, आवास, बस्ती तथा शहरी विकास सम्बन्धी मापदण्ड तयार सहित परिपालनामा अभिवृद्धि हुनेछ । भूस्वरुपमा परिवर्तन र शहरीकरणका कारण वातावरणीय ह्रासमा वृद्धि भई नगर क्षेत्रको सुन्तरता, हरियाली र स्वच्छतामा ह्रास आउने जोखिम रहेको छ ।

## ५.२ सडक, पुल तथा यातायात व्यवस्था

### ५.२.१ पृष्ठभूमि

सडक तथा यातायातलाई पूर्वाधार विकासको महत्वपूर्ण सूचक मानिन्छ । नासोँ गाउँपालिकाको बाटोघाटोको स्थिति हेर्दा कालोपत्रे बाटो छैन । सबै सडकहरू कच्चि रहेका छन । गाउँपालिकामा सडकका सञ्जाल सबै वडाहरूमा पुगेको अवस्था देखिदैन । गाउँपालिकाको वडाहरूमा कच्ची सडकको विस्तार भईरहेको छ भने हाल सम्म वडा नं. २ सम्म बाटो पुर्याउन सकियको छैन, अधिकांस वडाहरूमा कच्ची सडक बाह्रै महिना यातायात संचालन हुन नसक्ने देखिन्छ तसर्थ सो क्षेत्रमा बाटोको स्तरोन्नती गर्नुपर्ने देखिन्छ । गाउँपालिकामा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ । गाउँपालिकामा बिषेशगरि जिप, ट्याक्टर, मोटर साइकलको समेत उपयोग गरिएको देखिन्छ । गाउँपालिका बासीको दैनिक जीवन सहज हुनको लागी गाउँपालिकामा झोलुङ्गे पुल तथा पक्कि पुलहरु पनि निर्माण गर्न थालिएको छ । गाउँपालिका भित्रका सम्पूर्ण सडकहरू कच्ची अवस्थामा रहेका हुनाले बर्षामा हिलो र खाल्डा खुल्डि बढ्ने साथै हिउँदमा धुलो हुने हुँदा आवागमनमा नै अवरुद्ध हुने समस्याहरू रहेका छन् । यद्यपि हाल गाउँपालिका भित्रका केही सडकहरू बिस्तार तथा स्तरोन्नति भइरहेका छन् । यातायातका रुटहरू वैज्ञानिक नहुँदा सार्वजनिक यातायातको अवस्था कमजोर रहेको पाइन्छ । सडक तथा यातायातको विकासले स्वास्थ्य तथा शिक्षा सेवामा पहुँच पुर्याउने,

रोजगारी सिर्जना गर्ने, गरिबी न्यूनीकरण गर्ने र आर्थिक तथा सामाजिक विकासमा टेवा पुर्याउने हुदाँ समग्र क्षेत्रको उत्पादकत्व वृद्धि गर्छ ।

### ५.२.२ समस्या र चुनौती

- योजनाबद्ध तथा दिगो विकास लक्ष्यका मापदण्ड अनुसार सडक सञ्जाल विस्तार नभएको,
- कच्ची सडकमा वर्षातको समय पटकपटक पहिरो जाने, हिलाम्मे हुने, खाल्टाखुल्टी बढ्ने र हिउँदमा धुलाम्मे हुने हुँदा आवागमन कष्टप्रद हुने गरेको,
- गाउँपालिका भित्र दैनिक आवतजावतका लागि आवश्यक जनतामैत्री विभिन्न रूटहरूको निर्धारण गरी सहजरूपमा सार्वजनिक यातायात सेवा संचालन गर्नुपर्ने,
- सडकको स्थिति कमजोर हुँदा उद्योग धन्दा, कलकारखाना, व्यापार व्यवसाय, कृषि, पर्यटन जस्ता क्षेत्रहरू चलायमान हुन नसकेको,
- गाउँपालिकाका सबै सडकको स्तरोन्नति गर्न ठूलो आकारको बजेट आवश्यक पर्ने ।

### ५.२.३ लक्ष्य

गाउँपालिकाभित्रको सडक सञ्जाल स्तरोन्नति गरी यातायातलाई सुरक्षित, सहज र भरपर्दो बनाउने, नियमीत तथा सर्वसुलभ रुपमा यातायात सेवा सञ्चालन गर्ने ।

### ५.२.४ रणनीति

- गाउँपालिका केन्द्रबाट सबै वडाकेन्द्र र बजार केन्द्रमा  सडक सञ्जाल बिस्तार गर्ने,
- विद्यमान सडकको स्तरोन्नति तथा विस्तार गर्ने,
- सार्वजनिक यातायात प्रणालीको विकास गर्ने,
- सडक तथा यातायात गुरुयोजना निर्माण गर्ने,
- सडकको न्यूनतम मापदण्ड कार्यान्वयनमा ल्याइने,
- दिगो तथा वातावरण मैत्री प्रविधिमा जोड दिने ।

### ५.२.५ परिणात्मक स्थिति

निश्चित मापदण्डका आधारमा सडक निर्माण भएको हुने । सवै वडाहरुमा यातायात संजाल पुगेको हुने ।

### ५.२.६ अपेक्षित उपलब्धि

- सडक यातायातको सहज पँहुच स्थापित भएको हुनेछ,
- गाउँपालिका केन्द्रलाई राष्ट्रिय राजमार्ग प्रणालीमा जोड्ने मुख्य सडकहरू कालो पत्रे भएका हुनेछन,
- गाउँपालिका केन्द्रलाई प्रत्येक वडा केन्द्रलाई जोड्ने सडकहरू स्तरोन्नति भएका हुनेछन,
- सार्वजनिक यातायातका वैज्ञानिक रुटहरू तय भइ सार्वजनिक परिवहन सहज भएको हुनेछ,
- सडक जोखिम तथा दुर्घटना न्यूनीकरण हुनेछन ।

### ५.२.७ जोखिम तथा अनुमान

भूउपयोग, आवास, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड तयार सहित परिपालनामा अभिवृद्धि हुनेछ । भूस्वरुपमा परिवर्तन र शहरीकरणका कारण वातावरणीय ह्रासमा वृद्धि भई नगर क्षेत्रको सुन्तरता, हरियाली र स्वच्छतामा ह्रास आउने जोखिम रहेको छ ।

## ५.३ जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा

### ५.३.१ पृष्ठिभूमि

अपार जलस्रोतको धनी नेपाल विश्वमै दोश्रो ठूलो जलसम्पदा भएको मुलुक मानिन्छ जसको सदुपयोग हुन नसकिरहेको कारण शहर र ग्रामीण ईलाकामा उर्जा संकट रहेको छ । नेपालको पहाडि तथा हिमाली क्षेत्रमा अहिले पनि ठूलो संख्यामा जनताहरूले खाना पकाउने इन्धनको रूपमा काठ दाउराको प्रयोग गर्दछन् भने तराई क्षेत्रमा गुइँठाको प्रयोग व्यापक रूपमा भइरहेको छ। यस गाउँपालिकामा सबै वडामा काठ दाउरा मुख्य इन्धनकाको स्रोतको रूपमा रहेको छ भने सबै वडाहरूमा दाउराको स्रोतको रूपमा सामुदायिक वन रहेका छन् । काठ दाउराको प्रयोगका थुप्रै नकारात्मक पक्षहरू मध्ये स्वास्थ्यमा पर्ने असर र वनजङ्गलको विनाश प्रमुख हुन् । यस गाउँपालिकामा विद्युतीकरणको अवस्था सन्तोषजनकनै रहेको भए पनि सामान्य हावाहुरी तथा वर्षात हुने संकेत हुनासाथ विद्युत सेवा अवरुद्ध हुन्छ । यसकारण दैनिक जीवन यापन, व्यवसाय संचालन तथा औद्योगिकरणका लागि आवश्यक विद्युत् लाईनलाई थप ब्यवस्थित बनाउन जरुरि देखिन्छ । विद्युत ऊर्जा, सौर्य उर्जा र अन्य वैकल्पिक ऊर्जाबाट विभिन्न उद्योग, सिँचाई आयोजना, खानेपानी आयोजना समेत सञ्चालन गर्न सकिन्छ । तसर्थ नासौँमा विद्युत् प्रसारण लाईनमा सुधार गर्नुपर्ने साथै वडा नं.६ र ७ मा बिद्युतिकरण गर्नुपर्ने तथा लघुजलबिद्युत योजनाहरूमा स्तरोन्नति गर्नुपर्ने देखिन्छ ।

### ५.३.२ समस्या र चुनौती

- स्तरीय र भरपर्दो विद्युत सेवामा समस्या रहेको,
- विभिन्न स्थानमा ट्रान्सफर्मरहरूको अभाव रहेको,
- सार्वजनिक सडक बत्तीहरूको पर्याप्त प्रबन्ध प्र्याप्त नभएको,
- सामान्य हावापानी पर्दा पनि विद्युत आपुति अवरुद्ध हुने समस्या रहेको,
- गुणस्तरीय विद्युत   व्यवस्था नभएको,
- हाल सम्म गाउँपालिकाको सबै स्थानमा बिद्युतिकरण हुन नसकेको ।

### ५.३.३ लक्ष्य

पूर्ण विद्युतिकरण, जलस्रोतको वहुउपयोग, वैकल्पिक उर्जाको प्रवर्धन ।

### ५.३.४ रणनीति

विद्युत सेवा सबै उपभोक्तामा सर्वसुलभ रुपमा उपलब्ध गराउनु । गुणस्तरिय विद्युत सेवा उपलब्ध गराउनु । वैकल्पिक उर्जाको प्रयोग बढाउने ।

### ५.३.५ परिणात्मक स्थिति

जलस्रोतको पुर्ण उपयोग गरिने छ । दिगो विद्युतिकरण १०० प्रतिशत पुर्याईने छ ।

### ५.३.६ अपेक्षित उपलब्धि

- उर्जाका आधारभूत पूर्वाधारहरूको विकास भइ हरेक घरधुरीमा न्यूनतम उर्जाको सुनिश्चितता भएको हुनेछ,
- उर्जाको मुल प्रवाहमा नसमेटिएका घरधुरीहरूमा वैकल्पिक उर्जाको प्रबन्ध भएको हुनेछ,
- जलस्रोतको उपयोग हुनेछ, पुर्ण विद्युतिकरण भएको हुनेछ ।

### ५.३.७ जोखिम तथा अनुमान

हाल भएको प्रविधि प्रवर्धन सहितको उपयोग, बजेटको सुनिश्चिता, मानव संशाधन उपलब्ध भएमा उल्लिखित उपलब्धिहरु हासिल हुनेछ । सो हुन नसकेमा योजना प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ५.४ सूचना तथा सञ्चार

### ५.४.१ पृष्ठिभूमि

नेपालको संविधानले सूचना तथा सञ्चार सम्बन्धी हकलाई मौलिक हकको रूपमा उल्लेख गरेको छ, जसलाई स्थानीय सरकारहरूले पनि कार्यान्वयन गरिरहेका छन । ग्रामिण परिवेश भएकोले यस गाउँपालिकामा सूचना तथा संचारको अवस्था केही कठिन रहेको देखिन्छ। गाउँपालिकामा रेडियो नेपाल लगायत विभिन्न स्टेसनहरू जिल्ला तथा केन्द्रबाट प्रसारण सुनिन्छ र पत्रपत्रिकाको पहुच पनि न्यून रहेको छ । गाउँपालिकामा नेपाल टेलिकमको मात्र टेलिफोन सेवा उपलब्ध छ भने इन्टरनेट प्रदायकमा वल्र्डलिंक र टेकमाइन्ड ले इन्टरनेटको सेवा उपलब्ध छ भने अन्य इन्टरनेट कम्पनिहरूले पनि सामान्य चासो देखाएको पाइन्छ । डिस होमका माध्यमबाट गाउँपालिकाबासीले मनोरन्जनात्मक टि.भी कार्यक्रमहरू हेरि गरिरहेको छन्। आर्थिक विकासका लागि सूचना तथा संचारको विकास अत्यावश्यक भएका कारण यस गाउँपालिकामा सूचना तथा सञ्चारको विकासका लागि विभिन्न कार्यक्रमहरू गर्नुपर्ने आवश्यकता छ ।

### ५.४.२ समस्या र चुनौती

- ल्याण्डलाईन टेलिफोन तथा अप्टिकल फाइबरबाट इन्टरनेट सेवा विस्तार गर्नुपर्ने आवश्यकता रहेको,
- पर्याप्त मात्रामा टेलिफोनका टावरहरू नभएकाले Network Coverage मा प्रभावकारिता ल्याउन टावरहरू विस्तार गर्नुपर्ने,
- विद्यालय तथा सार्वजनिक स्थलहरूमा इन्टरनेट सुविधा विस्तार गरी निःशुल्क वाईफाईको व्यवस्था गरी यथोचित सदुपयोग गर्नुपर्ने,
- गाउँपालिकामा हाल विद्यमान रहेको सञ्चार क्षेत्रको क्षमता अभिवृद्धि गर्नुपर्ने ।
- गाउँपालिकावासीमा सञ्चारका सबै प्रविधिसँगको पहुँच स्थापना गरी साइबर सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि गर्नुपर्ने ।

### ५.४.३ लक्ष्य

- गाउँपालिकामा सूचना प्रविधिको पहुँच सुनिश्चित गर्ने,
- गाउँपालिका भित्र सूचना प्रविधिको विकास र विस्तार गर्ने,
- सूचना सञ्जालको विकास गरि प्रविधि युक्त पालिका निर्माण गर्ने ।

### ५.४.४ रणनीति

गाउँपालिकाका गतिविधिहरु वेवसाइटमा प्रकाशन गर्ने । सूचनाहरुको सम्प्रेषण अनलाइन मार्फत गर्ने । पालिकाबाट हुने काम कारवाही सूचना प्रविधिको प्रयोग बाट गर्ने गरेको । त्यसको लागि राजस्व, योजना, अर्थ सफ्टवेयर मार्फत गर्ने गरेको । बाँकी रहेका कामहरुको लागि सफ्टवेयरको प्रयोग गराउदै लगिनेछ ।

### ५.४.५ परिणात्मक स्थिति

गाउँपालिका क्षेत्रमा इन्टरनेटको पहुच सत प्रतिशत पुर्याउने । स्मार्ट शहरका क्षेत्रहरुमा उल्लेख्य सुधार गर्ने । तत सम्बन्धी प्रष्ट सुचकहरु बनाई लागु गर्ने ।

### ५.४.६ अपेक्षित उपलब्धि

- गाउँपालिका तथा वडाहरूमा सूचना प्रबिधिका पूर्वाधारहरू निर्माण भएको हुनेछ,
- गाउँपालिकावासीमा आमसञ्चारको गुणस्तरीय सेवामा पहुँच पुगेको हुनेछ ।

### ५.४.७ जोखिम तथा अनुमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता, दक्ष मानव संशाधन उपलब्ध भएमा र महामारी तथा अन्य अवस्था नभएमा उल्लिखित उपलब्धि हासिल हुनेछ । सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## परिच्छेद ६: वन, वातावरण तथा विपद् व्यवस्थापन

नासौँ गाउँपालिकाको आवधिक योजनाले तय गरेको वन, वातावरण, विपद् व्यवस्थापन तथा अन्तर सम्बन्धित क्षेत्रसंग सम्बन्धीत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा आर्थिक विषयगत क्षेत्रको मध्यमकालीन खर्च संरचना तयार पारिएको छ।

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| आर्थिक बर्ष २०८०/०८१ | ६००००० | | | | | | | |
| आर्थिक बर्ष २०८१/०८२ | ६१८००० | | | | | | | |
| आर्थिक बर्ष २०८२/०८३ | ६३६५४० | | | | | | | |
| आर्थिक बर्ष २०८३/०८४ | ६५५६३६ | | | | | | | |

### ६.१ वन तथा जैविक विविधता

#### ६.१.१ पृष्ठभूमि

नासौँ गाउँपालिका वन वातावरण र जैविक विविधताको दृष्टिकोणले सम्पन्न गाउँपालिकाको श्रेणीमा पर्दछ। दिगो विकास लक्ष्यको लक्ष्य नं. १५ मा वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण विरुद्ध लड्ने, भूक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने कुरा उल्लेख गरिएको छ। तसर्थ पर्यावरणीय प्रणाली सन्तुलन, वायुमण्डलको स्वच्छता तथा जीवजन्तुको वासस्थान कायम राख्न वनजंगलको संरक्षणलाई प्राथमिकतामा राख्नु जरुरी छ। अर्कोतर्फ यस गाउँपालिकामा वन क्षेत्रबाहेक झाडी बुट्यान क्षेत्र र खेर गइरहेका जमिन पनि केही मात्रामा रहेकोले उक्त जमिनमा ब्यापक जनपरिचालन गरी बृक्षारोपण गर्नुपर्ने देखिन्छ जसले गर्दा गाउँपालिकालाई एक प्रकारको हरित बगैंचाको रूपमा विकास गरी वनलाई आयआर्जनसँग जोड्न सकिन्छ। केही स्थानमा पहिरो जाने, बाढी आउने गरेको छ। भूसंरक्षणको प्रभावकारी उपाय वृक्षारोपण भएकोले सो कार्यलाई प्राथमिकतामा राख्नु भूसंरक्षणका साथै वन्यजन्तुका लागि पनि अति आवश्यक छ।

#### ६.१.२ समस्या र चुनौती

- वन जंगल क्षेत्रमा गर्मिको समयमा आगलागीको समस्या हुने गरेको,
- वन क्षेत्रमा रहेका मिचाहा प्रजातिका वनस्पति नियमित रूपमा गोडमेल गरी नियन्त्रण गर्नुपर्ने,
- वैज्ञानिक वन व्यवस्थापन तथा भू-संरक्षणका लागि प्राबिधिक जनशक्ति उत्पादन गर्नुपर्ने ,
- सामुदायिक वनको व्यवस्थापनका साथै आयस्रोत एवं क्रियाकलापलाई पारदर्शी एवं जवाफदेही बनाउनुपर्ने ,
- लोपोन्मुख वनस्पति र वन्यजन्तुको संरक्षणका लागि विशेष कार्यक्रम लागू गर्नुपर्ने।

#### ६.१.३ लक्ष्य

गुणस्तरयुक्त हरियो वन, सन्तुलित वातावरण र विपद् उत्थानशील समुदायको विकास गर्ने।

#### ६.१.४ रणनीति

- वन क्षेत्रको दिगो व्यवस्थापन गर्ने,

- वनलाई आर्थिक स्रोतको प्रमुख आधार बनाउने,
- खेर गैरहेको झाडी वुट्यान क्षेत्रलाई सदुपयोग गरी वनको क्षेत्रफल बढाइने,
- वन संरक्षण कार्यक्रमहरू संचालन गर्ने,
- जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,
- दीगो, उत्पादनशील जलाधार निर्माण र क्षतिग्रस्त कमजोर भिरालो जमिन क्षेत्रको संरक्षण गर्ने ,
- पहिरो र कटान नियन्त्रणका सफल अभ्यासहरूको अनुशरण गर्ने ।

### ६.१.५ परिणात्मक स्थिति

वन क्षेत्रको वृद्धि हुनेछ । सामुदायिक वनहरुको संरक्षण र सम्बर्धन मार्फत आय जार्जनमा बृद्धि हुनेछ ।

### ६.१.६ अपेक्षित उपलब्धि

- दिगो वन व्यवस्थापन सुनिश्चित हुनेछ ।
- जैविक विविधताको संरक्षण भएको हुनेछ ।
- भूसंरक्षणका नमुना क्षेत्रहरूको संख्यामा उल्लेख्य वृद्धि हुनेछ र हरित क्षेत्र विस्तार हुनेछ ।

### ६.१.७ जोखिम तथा अनुमान

वन, भूसंरक्षण तथा जैविक विविधता संरक्षणमा अन्तरसरकार साझेदारी र सहकार्यमा वृद्धि भएको हुनेछ । जलवायु परिवर्तनको असर, कोभिड १८ लगायतका महामारी र अन्य विपद जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन ।

## ६.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

विश्व मानचित्रमा नेपाल जलस्रोतको दोस्रो धनी राष्ट्रको रूपमा परिचित छ । हिमाली भूबनोट भएकोले यस गाउँपालिकामा जलस्रोत तथा जलाधार क्षेत्रको प्रचुरमात्रामा रहेको छ । यस गाउँपालिकामा मरस्याङ्दि नदि, ताल छहरा, निंगालोघारी खोला, कौसु खोला, मेचाँ खोला, पुच्प्रो खोला, दुध खोला, बगर छाप खोला, प्रुङ घ्यु खोला, चिना खोला, डोना खोला, साउन खोला, डोना ताल, पंकर ताल, डाफे ताल, तातोपानि कुण्डहरू जस्ता  महत्वपूर्ण जलाधार क्षेत्रका रूपमा रहेका छन् । तथापि समृद्धिका आधारहरू मध्ये एक रहेको जलाधार क्षेत्रहरूको ठोस योजना नहुँदा यसको पूर्ण सदुपयोग नभई जलस्रोत खेर गइरहेको अवस्था छ । तसर्थ यस गाउँपालिकाका महत्वपूर्ण जलाधार क्षेत्रहरूको संरक्षण तथा सम्बर्धन गरी पारिस्थितिक सन्तुलन कायम राख्न र गाउँपालिकालाई आर्थिक समृद्धितर्फ लैजान जरुरी छ ।

### ६.२.२ समस्या र चुनौती

- वन, जलाधार र भूसंरक्षणका लागि दिगो रूपमा दीर्घकालीन कार्यक्रमहरू निर्माण गरी कार्यान्वयन गर्नुपर्ने,
- जलाधार क्षेत्र संरक्षणको महत्व आम मानिसमा बुझाउन नसकिएको,
- गाउँपालिकामा रहेका जलस्रोत तथा जलाधार क्षेत्रको संरक्षण गर्न नसके भविष्यमा पानीको मुहानहरू सुक्न गई पिउने पानी तथा सिँचाइको चरम अभाव हुनसक्ने,
- वैज्ञानिक जलाधार व्यवस्थापन कार्यक्रम लागू गर्नुपर्ने,
- प्राकृतिक प्रकोप बाढी, पहिरो, अनावृष्टि, भुक्षय, डढेलो, सुख्खा, खडेरी लाग्ने ।

### ६.२.३ लक्ष्य

गाउँपालिकाको जलाधार क्षेत्रको दिगो संरक्षण गरी जल सम्पदामा आत्मनिर्भर बन्ने ।

### ६.२.४ रणनीति

- नीति निर्माण गरि भूसंरक्षण तथा जलाधार व्यवस्थापनका क्षेत्रमा समुदाय परिचालन गरि कार्य गर्ने,

- जलस्रोत तथा जलाधार क्षेत्र पहिचान गरी संरक्षण गर्ने,
- जलाधार क्षेत्रको दीर्घकालीन व्यवस्थापन गर्ने,
- जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

#### ६.२.५ परिणात्मक स्थिति

समुदायमा आधारित वन व्यवस्थापन लागु भएको हुनेछ । नीजि तथा कृषि वन प्रवद्र्वन भएको हुनेछ ।

६.२.६ अपेक्षित उपलब्धि

- जलाधार क्षेत्रको पहिचान, नक्साङ्कन र दिगो संरक्षण भएको हुनेछ,
- जलाधार क्षेत्रमा आत्मनिर्भर भई दिगो सदुपयोग सुनिश्चित हुनेछ,
- भूक्षयिकरणमा कमि ल्याइने छ ।

#### ६.२.७ जोखिम तथा अनुमान

वन, जलाधार र भूसंरक्षणका लागि दिगो रूपमा दीर्घकालीन कार्यक्रमहरू निर्माण गर्न आर्थिक तथा प्राविधिक जनशक्तिको व्यवस्थापन, वन, भूसंरक्षण तथा जैविक विविधता संरक्षणमा अन्तरसरकार साझेदारी र सहकार्यमा वृद्धि भएको हुनेछ । जलवायु परिवर्तनको असर, कोभिड १८ लगायतका महामारी र अन्य विपद जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन ।

### ६.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

#### ६.३.१ पृष्ठभूमि

वातावरण संरक्षण सम्पूर्ण वातावरणीय अवयवहरूको एकीकृत संरक्षणको प्रक्रिया हो । समग्रमा यस अन्तर्गत जल, जमिन, जंगल, वायुमण्डल र हाम्रो वरपरको सेरोफेरोलाई स्वच्छ, सफा र सन्तुलित राख्ने विषय आउँछ । हाम्रो वरपर रहेका प्राकृतिक अवयवहरू जस्तै वायुमण्डल, भूमि, जल, वनजंगल, वनस्पति, जीवजन्तु र प्राकृतिक जीवनचक्र, जलवायु तथा मौसम आदिको अन्तरक्रिया र समग्रताले सृजना गरेका भौतिक अवस्थालाई वातावरण भनिन्छ । वातावरण प्रदूषणले मानिसमा विभिन्न किसिमका रोगहरू निम्त्याउँछ । नेपालको संविधानमा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ भनी मौलिक हकको रूपमा उल्लेख गरिएको छ । तसर्थ यस गाउँपालिकामा पनि समग्र वातावरण संरक्षण गर्न विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छ ।

#### ६.३.२ समस्या र चुनौती

- प्राकृतिक तथा ऐतिहासिक सम्पदाहरूको पूर्ण संरक्षण र सदुपयोग हुन नसकेको,
- काठ दाउरालाई घरायसी इन्धनको रूपमा प्रयोग गर्नाले घरायसी प्रदूषण र स्वास्थ्यमा समस्या देखा परेको,
- समयमै स्तरोन्नती नहुँदा तथा अनावश्यक मानवीय गतिविधिका कारण पानीका मुहान, खोला, नाला सुक्ने खतरा रहेको,
- वन क्षेत्रमा खडेरीको समयमा डढेलोको जोखिम रहेको,
- वातावरण मैत्री पूर्वाधार विकास, वातावरण तथा अन्य पा्रकृतिक साधन स्रोत विचमा सामन्जस्यता स्थापित हुन नसकेको,
- गाउँपालिका स्तरमा वातावरण संरक्षणका निम्ति सचेतनाका कार्यक्रमहरू प्रभावकारी ढंगले ल्याउनुपर्ने,
- पर्यावरणीय असन्तुलन तथा प्रदूषणको नकारात्मक असरका कारण जीवन कष्टकर हुन सक्ने ।

#### ६.३.३ लक्ष्य

गाउँपालिकालाई वातावरणमैत्री नमूना हरित क्षेत्रका रुपमा विकास गर्ने ।

#### ६.३.४ रणनीति

- प्रदूषण नियन्त्रणका लागि मापदण्ड बनाई लागू गर्ने,

- समुदाय वा टोल स्तरमा नियमित सरसफाई अभियान सञ्चालन गर्ने,
- विकास निर्माणको काम तथा निर्माण कार्य गर्दा IEE कार्यन्वयन गर्ने,
- ऐतिहासिक तथा सार्वजनिक स्थलहरूको दिगो विकास र संरक्षण गर्ने ।

**६.४.५ परिणात्मक स्थिति**

शुन्य फोहरको अवधारणाको विकास हुनेछ । घरमै फोहरमैला व्यवस्थापन गर्ने परिपाटिको विकास हुनेछ । ढल निकास तथा सेप्टी ट्ङ्याकीलाई घर नक्सासंग जोडेर व्यवहारमा ल्याईने छ ।

**६.५.६ अपेक्षित उपलब्धि**

- विकास निर्माणको काम गर्दा वातावरणिय प्रभाब मुल्याङ्कन अनिवार्य गरिएको हुने ,
- महत्वपूर्ण सार्वजनिक स्थानहरूमा सार्वजनिक शौचालय निर्माण भएका हुने ,
- एकीकृत वातावरण संरक्षण योजना तयार भएको हुने ,
- वातावरण संरक्षण सम्बन्धी कार्यक्रमहरूको अनुगमन तथा मुल्याङ्कन कार्यले निरन्तरता पाएको हुने ।

**६.५.७ जोखिम तथा अनुमान**

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता, दक्ष मानव संशाधन उपलब्ध भएमा र महामारी तथा अन्य विपदको अवस्था नभएमा उल्लिखित उपलब्धि हासिल हुनेछ । सो हुन नसकेमा योजनाको लक्ष्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ६.४ विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ६.४.१ पृष्ठभूमि

यस गाउँपालिकामा भूक्षय तथा बाढीपहिरो पनि प्रमुख समस्याको रुपमा रहेका छन् । यसबाट ग्रामीण जनताको जनजीवन मात्र नभई राष्ट्रकै आर्थिक तथा सामाजिक अवस्थामा प्रश्न चिन्ह खडा हुने गर्दछ । ग्रामीण भेगमा जथाभावी कृषि सडक खन्नु, बन फँडानी हुनु, आचारसंहिता विपरीत पूर्वाधार निर्माण हुनु, खोला वरिपरिका जग्गाहरु मिचेर घर बनाउनु आदि यसका प्रमुख कारणहरु हुन् । यसको कारण नेपालको ग्रामीण भेगमा वर्षेनी अत्यधिक धनजनको क्षति हुने गरेको प्राप्त तथ्याङ्कले देखाएको छ ।

भौगोलिक जटिलताका कारण नेपाल प्राकृतिक प्रकोपको उच्च जोखिम क्षेत्रमा रहेको छ । नेपालमा बर्षेनि प्राकृतिक प्रकोपका कारण ठुलो मात्रामा जनधनको क्षति हुने गरेको छ । नेपालमा वि.सं. २०७२ सालको महाभूकम्पको पीडा अझै ताजा नै छ । यस गाउँपालिकामा विशेषगरी नदी कटान, बाढि, पहिरो, हावाहुरी, असिना, चट्याङ, अनावृष्टि, सुख्खा खडेरी, डढैँलो जस्ता प्राकृतिक प्रकोपहरू देखापर्दै आइरहेका छन् । पछिल्लो समयमा कोभिड–१९, डेङ्गु जस्ता महामारीले जीवन थप जटिल बनाएको छ । यस्ता प्रकोपहरू पूर्ण नियन्त्रण गर्न नसकेपनि आवश्यक अध्ययन गरी प्रभाव न्यूनीकरणका उपायहरू अवलम्बन गरी जनधनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ । यसका लागि गाउँपालिकाले विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार पारी लागू गर्ने योजना रहेको छ ।

### ६.४.२ समस्या र चुनौती

- केही बस्तीहरु वर्षायाममा बाढी र कटानको जोखिममा रहेको ,
- बर्सेनि वर्षातको समयमा नदी कटान तथा भू-क्षय समस्या हुने गरेको,
- प्रति बर्ष अत्याधिक तापक्रम बढ्दै गै रहेको ,
- जलवायु परिवर्तनले भएको अतिवृष्टि, अनावृष्टि, तापक्रम वृद्धि आदिका कारण वार्षिक खेतीपाती क्यालेन्डर परिवर्तन हुन थालेका, बालीनालीमा रोग, किराको समस्या देखिनुका साथै उत्पादनमा नकारात्मक प्रभाव देखिन थालेको ,
- प्राविधिक अध्ययन विना जथाभावी विकास संरचना निर्माणले विपद् जोखिम बढ्दै गएको ,

- जलवायु परिवर्तनका नकारात्मक असर तथा विपद् न्यूनीकरणका लागि ठोस योजना बनाई लागू गर्नुपर्ने ।

**६.४.३ लक्ष्य**

विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना कार्यान्वयनबाट विपद उत्थानसिल समुदाय बनाउने ।

**६.४.४ रणनीति**

- विपद् जोखिम क्षेत्र नक्सांकन गर्ने,
- विपद् पूर्वानुमान तथा पूर्व चेतावनी प्रणाली प्रभावकारी बनाउने,
- बिमा योजना लागू गर्ने,
- विपद्  व्यवस्थापन योजना निर्माण गर्ने,
- विपद्  व्यवस्थापनमा सक्षम संयन्त्रको निर्माण गर्ने,
- विपद् व्यवस्थापन कोष प्रभावकारी बनाउने,
- स्थानीय संरचना निर्माण मापदण्ड प्रभावकारी बनाउने,
- जलवायु अनुकूलन तथा जलवायु परिवर्तन न्यूनीकरणका लागि क्षमता विकास गर्ने,
- जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

**६.४.५ परिणात्मक स्थिति**

विपद् व्यवस्थापनमा पुर्व तयारी तथा जलवायु अनुकुलन नीती अनुसार कार्य गरिनेछ ।

**६.४.६ अपेक्षित उपलब्धि**

विपदका घटनामा कमि आएको हुनेछ । जलवायु परिवर्तन संग जुध्न सक्ने उत्थानशिल शहरको विकासक्रममा रहनेछ ।

**६.४.७ जोखिम तथा अनुमान**

वन, वातावरण तथा विपद व्यवस्थापन सम्वन्धी ऐन, नीति, मापदण्ड, कार्यविधि, तथा निर्देशिकाहरु निर्माण गरिसकेको हुनेछ । संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि भएको हुनेछ । स्थानीय सरोकारवालाको प्रतिवद्धता, सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा वृद्धि हुनेछ । सो हुन नसके लक्ष्य हासिल गर्न कठिनाइ हुन सक्नेछ ।

**६.५ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

**६.६. जोखिम पक्ष तथा अनुमानः**

आगामी तीन वर्षमा कार्यक्रम कार्यान्वयन गर्दा आर्थिक स्रोत, वित्तिय अनुशासन तथा अनुगमन र मुल्यांकनमा भर पर्दछ । यदि कार्यक्रमहरु योजनाबद्ध रुपमा संचालन गर्न नसकेमा निर्धारित लक्ष्य प्राप्त गर्न कठिन हुनेछ ।

# परिच्छेद ७: संस्थागत विकास तथा सुशासन

वास्तविक रूपमा स्थानीय जनताका मर्म र आकांक्षा अनुरूप असल शासनको स्थापना गरी सेवा प्रवाहमा जनताको सहज पहुँचको अनुभुती दिलाउन सकेमात्र जनस्तरमा सेवा प्रवाहको प्रभावकारिता रहन्छ । राज्यले लिएको नीति अनुरूप असल शासनका प्रमुख आयामहरूमा सार्वजनिक प्रशासनमा पारदर्शिता, निष्पक्षता, भ्रष्टाचारमुक्त, जन उत्तरदायी शासन, जनसहभागिता, शुलभता र सहजता महत्वपूर्ण आयामहरू हुन् । यी आयामहरूको पुर्ण पालना गर्न सकेको खण्डमा मात्र संघीय संविधानको मर्म अनुरूप हाल अवलम्बन गरिएको सङ्घीयताको मर्म अनुरूप जनताको घरदैलोमै राज्यद्वारा प्रदान गरिने सेवा र सुविधा पुर्याउन सकिन्छ । गाउँपालिकाले कार्यालयहरूमा नागरिक वडापत्रको व्यवस्था, इन्टरनेट नेटवर्किङ मार्फत वडालाई गाउँपालिकाको केन्द्रसँग जोड्ने कार्य, कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि तालिम, नागरिक भेला, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, अनुगमन तथा नियन्त्रण कार्य प्रणालीलाई अझ चुस्त र व्यवस्थित तथा पारदर्शी बनाउन आवश्यक छ ।

नासोँ गाउँपालिकाको आवधिक योजनाले तय गरेको संस्थागत विकास तथा सुशासन क्षेत्रसंग सम्बन्धीत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा आर्थिक विषयगत क्षेत्रको मध्यमकालीन खर्च संरचना तयार पारिएको छ ।

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| आर्थिक बर्ष २०८०/०८१ | ७३००००० | | | | | | | |
| आर्थिक बर्ष २०८१/०८२ | ७५१९००० | | | | | | | |
| आर्थिक बर्ष २०८२/०८३ | ७७४४५७० | | | | | | | |
| आर्थिक बर्ष २०८३/०८४ | ७९७६९०७ | | | | | | | |

## ७.१ नीति, कानून, न्याय तथा सुशासन

### ७.१.१ पृष्ठभूमि

वर्तमान संविधान २०७२ को धारा २१७ ले दिएको अधिकार बमोजिम स्थानीय सरकार संचालन ऐन २०७४ दफा ४७-१ र ४७-२ बमोजिम स्थानीय सरकारले न्यायीक निरोपण गर्न सक्ने व्यवस्था गरिएको छ । यो नेपालको सन्दर्भमा स्थानीय सरकारको लागि नयाँ किसिमको कार्य जिम्मेवारी हो । गाउँपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई दक्ष, पारदर्शी, प्रभावकारी, स्थानीय जनता प्रति उत्तरदायी बनाउन आवस्यक छ जसले सुशासनको प्रत्याभुती गराउनेछ ।

### ७.१.२ समस्या र चुनौती

- संविधान अनुसारका स्थानीय सरकारहरुका हक अधिकारको सुची अनुसारका कानुन बनाउन सकिएको छैन,
- स्थानीय तहमा ज्ञान तथा अनुभवको कमी भएको हुँदा न्याय प्रति विश्वास दिलाउनु चुनौतिपूर्ण छ,
- न्यायीक क्षेत्र गाउँपालिकाको नजरमा कम प्राथमिकतामा परेको जस्तो देखिन्छ ।

### ७.१.३ लक्ष्य

न्यायमा स्थानीय जनताको सुलभ पहुंच पुर्याउने । गाउँपालिकावासीलाई सुशासनको प्रत्याभुती गराउनेछ ।

### ७.१.४ रणनीति

- स्थानीय सरकारका हक अधिकारको सुची अनुसारका कानुन बनाउने,
- सार्वजनिक सेवालाई दक्ष, पारदर्शी, प्रभावकारी, स्थानीय जनता प्रति उत्तरदायी बनाउने,
- विवादलाई मेलमिलापबाट समाधान गरिने नीति लिइने ।

### ७.१.५ परिणात्मक स्थिति

सार्वजनिक सेवा दक्ष, पारदर्शी र प्रभावकारी हुनेछ । न्यायीक समितिले मेलमिलापको नीति अंगिकार गरी न्यायमा स्थानीय जनताको सुलभ पहुंच पुर्याउने ।

### ७.१.६ अपेक्षित उपलब्धि

कानुनी शासन, छिटो छरितो कम खर्चिलो न्याय प्रणालीको विकास र सुशासन कायम भएको हुनेछ ।

### ७.१.७ जोखिम तथा अनुमान

संघीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम शासन सञ्चालन, सेवा प्रवाह र विकास कार्य सम्पादन हुन सकेमा अपेक्षित नतिजा हासिल हुनेछ । उपरोक्त व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेको छ ।

## ७.२ सङ्गठनात्मक विकास, मानव संशाधन तथा सेवा प्रवाह

### ७.२.१ पृष्ठभूमि

गाउँपालिकाले संस्थागत संरचनाको अभावमा प्रयाप्त दक्ष विशिष्टीकृत ज्ञान सिप क्षमता योग्यता भएको जनशक्तिको निर्माण हुन सकिरहेको छैन । क्षमता विकासका कार्यक्रमहरुको समेत कमि रहेको छ । गाउँपालिकाले संगठनात्मक विकास संरचना बनाई क्षमता विकास योजना बनाउन आवस्यक देखिएको छ ।

### ७.२.२ समस्या र चुनौती

वढ्दो जनअपेक्षा अनुरुप चुस्त दुरुस्त रुपमा ICT Board सेवा प्रवाह गर्ने काम चुनौतिपूर्ण छ भने विश्व बजारमा उपलब्ध विभिन्न प्रविधि सूचना प्रविधिको विकास र विस्तार गर्ने अवसर समेत हो । क्षमता विकासका कार्यक्रमहरुमा पर्याप्त बजेट नहुनु, सूचना प्रविधिमा जनशक्तिलाई अभ्यस्त बनाउन नसक्नु ।

### ७.२.३ लक्ष्य

दक्ष प्रविधि र जनशक्ति, प्रभावकारी सेवा प्रवाहबाट नागरीक सन्तुष्टि ।

### ७.२.४ रणनीति

गाउँपालिकाको सेवा प्रवाहलाई ICT Board छरितो र चुस्त बनाई नागरिक सन्तुष्टी बढाउने । संगठनात्मक संरचना सर्वे गरि निर्धारण गर्ने । क्षमता विकास योजना बनाई कार्यान्वयन गर्ने । विषयगत शाखाहरुको प्रभावकारी व्यवस्थापन गर्ने । सबै शाखाहरुको कार्य विभाजन गर्ने । सबै कर्मचारीमा सीप दक्षता अभिवृद्धि गर्ने ।

### ७.२.५ परिणात्मक स्थिति

संगठनात्मक संरचना बनेको हुनेछ । क्षमता विकास योजना बनाई कार्यान्वयन भएको हुनेछ ।

### ७.२.६ अपेक्षित उपलब्धि

दक्ष प्रविधि र जनशक्ति, प्रभावकारी सेवा प्रवाहबाट नागरीक सन्तुष्टिको सोच चरितार्थ हुनेछ । जोखिम तथा अनुमान संविधान, संघीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम संगठन, दक्ष मानव संशाधन, ज्ञान, सीप र दक्षतामा अभिवृद्धि भएमा अपेक्षित नतिजा हुनेछ । उपरोक्त व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेकोछ ।

### ७.२.७ जोखिम तथा अनुमान

संविधान, संघीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम संगठन, दक्ष मानव संशाधन, ज्ञान, सीप र दक्षतामा अभिवृद्धि भएमा अपेक्षित नतिजा हुनेछ। उपरोक्त व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेकोछ।

## ७.३ स्रोत परिचालन

### ७.३.१ पृष्ठभूमि

गाउँपालिकाको आन्तरिक राजस्वको आकारले गाउँपालिकाको क्षमता र गाउँ योजना छनौटमा कति स्वायत्त छ भन्ने कुरा देखाउँदछ। राजस्वको पर्याप्तता, लचकता, न्यायपूर्ण, स्वीकार्यता, संगतीपूर्ण, आर्थिक तथा प्रशासनीक संभाव्यता, राजनीतिक स्वीकार्यता यस गाउँपालिकाको आन्तरिक राजस्व परिचालनका मुल नीति हुनेछ । कानूनमा उल्लेख गरिएको आधारमा लगाइने आन्तरिक राजस्वको दर निर्धारण गर्दा जनचाहना, छिमेकी र राष्ट्रिय दरको औषतलाई आधार बनाइनेछ। कानून अनुसार आन्तरिक राजस्वको आधार बढाउन जनसहभागीतालाई जोड दिइनेछ।

### ७.३.२ समस्या र चुनौती

- कर मैत्री राजस्व सुधार योजना नहुनु,
- कर करदाता शिक्षा सञ्चालन नहुनु,
- कर छल्ने प्रवृति विकास,
- करदातालाई कर सहभागिता प्रक्रियामा संलग्न गराउन कठिन।

### ७.३.३ लक्ष्य

विगतमा संकलन भएको राजस्वमा वृद्धि गर्ने। गाउँपालिकालाई आत्मनिर्भर बनाउने।

### ७.३.४ रणनीति

- पालिकाबासीहरु करको दायराबाट कोही नछुटुन, कोही नदोहोरिउन भन्ने मान्यताका आधारमा आन्तरिक राजस्व परिचालनलाई प्रभावकारी बनाउन राजस्वका आधारहरु बढाउन अधिकतम पहल गरिनेछ,
- आन्तरिक राजस्व परिचालनलाई प्रभावकारी बनाउन राजस्वका दरहरुलाई जनभावना अनुसार आबस्यक समायोजन गरिनेछ,
- संघ र प्रदेशबाट प्राप्त हुने अनुदान रकम बढी भन्दा बढी लिनका लागि अनुदानका मापदण्ड पूरा गर्न अधिकतम पहल गरिनेछ,
- गाउँपालिका भित्र आर्थिक कृयाकलाप बढाउन सहयोग पुग्ने प्राथमिकता प्राप्त आयोजना कार्यान्वयन गर्न आबस्यक पर्ने स्रोतको खोजी गरिने छ।

### ७.३.५ परिणात्मक स्थिति

विगतमा संकलन भएको राजस्वमा उल्लेख्य वृद्धि भएको हुनेछ । स्रोतहरुको खोजी र स्रोतको कुशल परिचालन गरिएको हुनेछ।

### ७.३.६ अपेक्षित उपलब्धि

प्रशासनिक खर्च आन्तिरिक स्रोतवाट प्रर्याप्त भई पुजीगतमा समेत योगदान दिनेछ।

### ७.३.६ जोखिम तथा अनुमान

संविधान, संघीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम तिनै तहका सरकार, गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन परिचालन भएमा अपेक्षित नतिजा हुनेछ। सबै खालको राजस्व वृद्धिको आधारहरु तयार गर्न नसके लक्ष्य हासिल गर्न कठिन हुनेछ।

### ७.४ तथ्याङ्क प्रणाली र योजना व्यवस्थापन

#### ७.४.१ पृष्ठभूमि

समय सापेक्ष तथ्यांक नीति, पर्याप्त जनशक्ति, ज्ञान, प्रविधि, स्रोत साधन, संरचना, पर्याप्त अध्ययनको अभावका कारणले तथ्यांक अध्यावधिक हुन सकेको छैन । आवधिक योजनामा समावेश गरिएका आयोजनाहरुलाई संस्थागत रुपमा अद्यावधिक गरी कार्यान्वयनको लागि आबस्यक व्यवस्था मिलाइनु पर्दछ । योजनाहरुको कार्यान्वयन स्थिति, पालिकाबाट हुने सेवा प्रवाह सम्बन्धमा पनि सर्वसाधरणले थाहापाउने गरी सूचना प्रवाह गर्न प्रभावकारी सूचना प्रविधि हुन आबस्यक छ । गाउँपालिकाले कानून अनुसार काम गर्न प्रशासन व्यवस्थालाई सूचना प्रविधि मैत्री बनाउनु पर्ने हुन्छ ।

#### ७.४.२ समस्या र चुनौती

तथ्यांक नीति, पर्याप्त जनशक्ति, ज्ञान, प्रविधि, स्रोत साधन, संरचना, पर्याप्त अध्ययनको अभावका कारणले तथ्यांक अध्यावधिक हुन नसक्नु । आवधिक योजनामा समावेश गरिएका आयोजनाहरुलाई संस्थागत रुपमा अद्यावधिक गरी कार्यान्वयनको लागि आबस्यक व्यवस्था मिल्न नसक्नु ।

#### ७.४.३ लक्ष्य

आवधिक योजनाको उदेस्य अनुरुप कार्य गर्ने ।

#### ७.४.४ रणनीति

आवधिक योजनाको लक्ष्य अनुसार कार्यान्वयन गर्ने । मध्यमकालिन खर्च संरचना बनाई बजेट कार्यन्वयन गर्ने । सूचना प्रविधिको व्यापक प्रयोगबाट तथ्याङ्क व्यवस्थापन तथा क्रमिक अध्यावधिक गर्ने ।

#### ७.४.५ परिणात्मक स्थिति

आवधिक योजनाले लिएको लक्ष्य हासिल गरिने छ । गाउँ सूचना केन्द्र तथा स्रोत केन्द्रको व्यवस्था हुनेछ ।

#### ७.४.६ अपेक्षित उपलब्धि

योजनाबद्ध गाउँपालिकाको विकास हुनेछ ।

#### ६.५ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

#### ७.६. जोखिम पक्ष तथा अनुमान:

आगामी तीन वर्षमा कार्यक्रम कार्यान्वयन गर्दा आर्थिक स्रोत, वित्तिय अनुशासन तथा अनुगमन र मुल्यांकनमा भर पर्दछ । यदि कार्यक्रमहरु योजनाबद्ध रुपमा संचालन गर्न नसकेमा निर्धारित लक्ष्य प्राप्त गर्न कठिन हुनेछ ।

## अनुसुचीहरू

### अनुसुची १: कार्यक्रमको प्राथमिकिकरण, सांकेतिकरण तथा त्रिवर्षीय खर्च अनुमान कुल चालु वित्तिय व्यवस्था

| क्र.स | बजेट उपशिर्षक | कार्यक्रमहरु | आ.व २०८०/०८१ को विनियोजन | | | | आ.व २०८१/०८२ को खर्चको प्रक्षेपण | | | | आ.व २०८२/०८३ को खर्चको प्रक्षेपण | | | | रण नीतिक स्तम्ब | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य संकेत | गरिबि न्युनिकरण संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुजीगत | वित्तिय | कुल | चालु | पुजीगत | वित्तिय | कुल | चालु | पुजीगत | वित्तिय | | | | | | |
| १ | | आर्थिक विकास | | | | | | | | | | | | | | | | | | |
| २ | | कृषि | | | | | | | | | | | | | | | | | | |
| ३ | | उद्योग | | | | | | | | | | | | | | | | | | |
| ४ | | जल श्रोत तथा सिचाई | | | | | | | | | | | | | | | | | | |
| ५ | | वन | | | | | | | | | | | | | | | | | | |
| ६ | | पशुपंक्षी विकास | | | | | | | | | | | | | | | | | | |
| ७ | | सामाजिक विकास | | | | | | | | | | | | | | | | | | |
| ८ | | शिक्षा | | | | | | | | | | | | | | | | | | |
| ९ | | स्वास्थ्य | | | | | | | | | | | | | | | | | | |
| १० | | खानेपानी तथा सरसफाई | | | | | | | | | | | | | | | | | | |

| क्र.स | बजेट उपशिर्षक | कार्यक्रमहरु | आ.व २०८०/०८१ को विनियोजन | | | | आ.व २०८१/०८२ को खर्चको प्रक्षेपण | | | | आ.व २०८२/०८३ को खर्चको प्रक्षेपण | | | | रण नीतिक स्तम्ब | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य संकेत | गरिबि न्युनिकरण संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुजीगत | वित्तिय | कुल | चालु | पुजीगत | वित्तिय | कुल | चालु | पुजीगत | वित्तिय | | | | | | |
| ११ | | भाषा तथा संस्कृति | | | | | | | | | | | | | | | | | | |
| १२ | | लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण | | | | | | | | | | | | | | | | | | |
| १३ | | युवा तथा खेलकुद | | | | | | | | | | | | | | | | | | |
| १४ | | सामाजिक सुरक्षा तथा संरक्षण | | | | | | | | | | | | | | | | | | |
| १५ | | पुर्वाधार | | | | | | | | | | | | | | | | | | |
| १६ | | यातायात पुर्वाधार | | | | | | | | | | | | | | | | | | |

| क्र.स | बजेट उपशिर्षक | कार्यक्रमहरु | आ.व २०८०/०८१ को विनियोजन | | | | आ.व २०८१/०८२ को खर्चको प्रक्षेपण | | | | आ.व २०८२/०८३ को खर्चको प्रक्षेपण | | | | रणनीतिक स्तम्ब | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य संकेत | गरिबि न्युनिकरण संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुजीगत | वित्तिय | कुल | चालु | पुजीगत | वित्तिय | कुल | चालु | पुजीगत | वित्तिय | | | | | | |
| १७ | | भवन, आवास तथा शहरी विकास | | | | | | | | | | | | | | | | | | |
| १८ | | उर्जा | | | | | | | | | | | | | | | | | | |
| १९ | | सम्पदा पुर्वाधार | | | | | | | | | | | | | | | | | | |
| २० | | पुर्ननिर्माण | | | | | | | | | | | | | | | | | | |
| २१ | | शान्ति तथा सुशासन | | | | | | | | | | | | | | | | | | |
| २२ | | सुशासन तथा अन्तराष्ट्रिय सम्बन्ध | | | | | | | | | | | | | | | | | | |
| २३ | | मानव संसाधन | | | | | | | | | | | | | | | | | | |

| क्र.स | बजेट उपशिर्षक | कार्यक्रमहरु | आ.व २०८०/०८१ को विनियोजन | | | | आ.व २०८१/०८२ को खर्चको प्रक्षेपण | | | | आ.व २०८२/०८३ को खर्चको प्रक्षेपण | | | | रण नीतिक स्तम्ब | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य संकेत | गरिबि न्युनिकरण संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुजीगत | वित्तिय | कुल | चालु | पुजीगत | वित्तिय | कुल | चालु | पुजीगत | वित्तिय | | | | | | |
| | | तथा विकास | | | | | | | | | | | | | | | | | | |
| २४ | | कानुन तथा न्याय | | | | | | | | | | | | | | | | | | |
| २५ | | तथ्यांक प्रणाली | | | | | | | | | | | | | | | | | | |
| २६ | | योजना तर्जुमा तथा कार्यान्वयन | | | | | | | | | | | | | | | | | | |
| २७ | | अनुगमन तथा मुल्यांकन | | | | | | | | | | | | | | | | | | |
| २८ | | प्रशासकिय सुशासन | | | | | | | | | | | | | | | | | | |
| २९ | | प्रशासनिक तथा कार्यालय सञ्चालन | | | | | | | | | | | | | | | | | | |

**अनुसुची २: मध्ययमकालिन खर्च संरचना तर्जुमा सम्बन्धि कार्यदल**

| क्र.सं. | समितिका पदाधिकारी | जिम्मेवारी |
|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २ | प्रमुख शिक्षा शाखा | सदस्य |
| ३ | प्रमुख, स्वास्थ्य शाखा | सदस्य |
| ४ | प्रमुख, लेखा  शाखा | सदस्य |
| ५ | प्रमुख, सामाजिक विकास शाखा | सदस्य |
| ६ | प्रमुख, प्रशासन महाशाखा | सदस्य |
| ७ | प्रमुख, सहरी विकास, पर्यटन तथा वातावरण शाखा | सदस्य |
| ८ | प्रमुख, पूर्वाधार विकास शाखा | सदस्य |
| ९ | प्रमुख, योजना तथा अनुगमन शाखा | सदस्य सचिव |

**अनुसुची ३: मध्ययमकालिन खर्च संरचना तथा आगामि आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धि मार्गदर्शन**

**पृष्ठभूमि**

शासन व्यवस्थाको वर्तमान अवस्थामा अन्तर सरकार, नीजि क्षेत्र, सहकारी र समुदाय तथा नागरिक बीचको समन्वय, साझेदारी र सहकार्यको अवसरका ढोकाहरु खुल्दै गएको छ । यसबाट शासन सञ्चालन, सेवा प्रवाह र गुणस्तरीय विकास उपलब्धि हासिल गर्ने गति तिब्र बनाउँदै नागरिकका परिवर्तनको फराकिलो चाहाना सम्बोधन गर्ने वातावरण सिर्जना भएको छ । नागरिकको जीवनस्तरमा गुणस्तरीय परिवर्तन ल्याउन घरदैलो सम्म विकासको मार्ग कोर्न आवश्यक छ । संङ्घीय संरचनामा आधारित संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्था अनुसार नागरिकको घरदैलोको सरकारको रुपमा स्थानीय सरकारहरुले स्थानीय धरातलिय विशिष्टता तथा नागरिकको वास्तविक आवश्यकता र चाहाना प्रतिबिम्बित हुने गरी आफ्ना प्रयासहरु अगाढी बढाउनु पर्दछ । यसका लागि स्थानीय सरकारले हालको राजनीतिक, सामाजिक तथा साँस्कृतिक र प्राविधिक परिस्थितिले सिर्जना गरेको अवसरहरुको पूर्ण सदुपयोग हुने गरी योजना तथा बजेट तर्जुमालाई योजनाबद्ध, व्यवस्थित र नतिजामूलक बनाउन आवश्यक देखिन्छ । उपरोक्त सन्दर्भलाई आत्मसात गरी सरोकारवाला पक्ष समेतको सहभागितामा सहभागितामूलक तथा समावेशी विकासको अवधारणा बमोजिम योजना तथा बजेट तर्जुमा प्रक्रिया अबलम्बन गर्नु पर्दछ । यस प्रकार योजना तथा बजेट तर्जुमा गर्दा आवधिक, विषयगत रणनीतिक/गुरुयोजनाले दिशानिर्देश गरे बमोजिमको सोच, लक्ष्य, उद्देश्य र प्राथमिकताको आधारमा गर्नुपर्नेछ । स्थानीय सरकारको योजना स्थानीय समस्याको सम्बोधन गर्ने, जनताको मनोभावना बुझ्न सक्ने र चाहाना सम्बोधन गर्ने खालको हुनुपर्छ । योजनाले उपलब्ध हुने सक्ने संभाव्य श्रोत साधन परिचालन गरी अनुमानित र विनियोजन बजेटको विचमा रहने खाडलको पूर्तिलाई सुनिश्चित गर्न सक्नु पर्दछ । यस अवस्थामा आम नागरिकले संङ्घीय लोकतान्त्रिक शासन व्यवस्थाले सिर्जना गरेको परिवर्तनको प्रत्यक्ष अनुभुति गर्ने तथा कार्यान्वयन योग्य आयोजना तथा कार्यक्रम छनौट तथा सोको लागि बजेट विनियोजन गर्नु जरुरी देखिन्छ । यसका साथै अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (२१) को उपदफा (३) बमोजिम गाउँ कार्यपालिकाले प्रत्येक वर्षको असार १० गते भित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित स्थानीय सभामा पेश गर्नु पर्ने व्यवस्था गरेको छ । यसै गरी उपदफा (५) ले राजस्व र व्यवको अनुमान नेपाल सरकारले तोकेको मापदण्ड अनुसार हुनपर्ने व्यवस्था गरेको छ । तसर्थ नेपाल सरकारबाट स्वीकृत आय र व्ययका शीर्षकहरुको वर्गीकरण र एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार बजेट तर्जुमा गर्न अधिकतम प्रयास गर्ने समेत यस मार्गदर्शनको उद्देश्य रहेको छ । बजेट तर्जुमा गर्दा प्रचलित आय र व्ययका शीर्षकहरुको वर्गीकरणको

सिद्धान्तको राम्रोसँग जानकारी हुनु आवश्यक पर्दछ । यस प्रकार खर्च वर्गीकरणका सिद्धान्त बमोजिम बजेट तर्जुमा गर्न सकिएमा बजेट कार्यान्वयन गर्दा रकमान्तर गर्नुपर्ने वा कार्यक्रम संशोधन गर्नु पर्ने अवस्था आउँदैन । यस प्रकार व्यवस्थित, प्रभावकारी र नतिजामूलक रुपमा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम समेत मध्यमकालीन खर्च खर्च संरचना तर्जुमा प्रक्रियामा स्थानीय कार्यपालिकाका पदाधिकारी, विषयगत शाखा, वडा समिति र स्थानीय सरोकारवालाई उपलब्ध गराउन यो मार्गदर्शन तयार गरिएको छ । कार्यपालिकाबाट संबन्धित शाखा वा वडाको लागि उपलब्ध बजेट सीमा तथा प्राथमिकता निर्धारणको आधार तथा प्रक्रियाको आधारमा यस मार्गदर्शन अनुसार आगामी आर्थिक वर्षको लागि आयोजना तथा कार्यक्रम छनौट तथा बजेट प्रस्ताव गर्नुपर्नेछ । आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम समेत मध्यमकालीन खर्च संरचना प्रस्ताव तयार गर्दा एकीकृत गाउँ विकास योजना, विषय क्षेत्रगत गुरु/रणनीतिक योजना, चालु मध्यमकालीन खर्च संरचना आ.व.को स्वीकृत नीति तथा कार्यक्रमको आधारमा गर्नुपर्नेछ ।

**कार्यक्रम तथा उपलब्धिको संक्षिप्त समीक्षा**

नासोँ गाउँपालिकाको चालु आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति, बजेट तथा कार्यक्रम गाउँपालिका, समुदाय तथा नागरिक समाज, नीजि क्षेत्र, प्रदेश तथा संङ्घीय सरकारसँग समन्वय, साझेदारी र सहकार्य गरी लक्ष्य अनुसार कार्यान्वयन तर्फ उन्मुख रहेको देखिन्छ । स्वीकृत भएका केही आयोजना तथा कार्यक्रमहरु सम्पन्न भएका छन भने बाँकी सम्पन्न हुने अवस्थामा रहेका छन । बजेट तथा कार्यक्रम कार्यान्वयनको समयतालिका पालना, प्रक्रिया तथा नतिजा अनुगमन गरी कार्यतालिका र निर्धारित मापदण्ड र अपेक्षित नतिजा अनुसार कार्यान्वयनलाई व्यवस्थित गर्न कार्यानुभव, सीप तथा क्षमता र कार्यविधिको कमी महशुस गरिएको छ । आगामी वर्षको बजेट तथा कार्यक्रम तर्जुमादेखी नै कार्यान्वयन कार्ययोजना र अनुगमन योजना बनाई यसलाई व्यवस्थित गर्नुपर्ने सिकाई समेत भएको छ । एकीकृत गाउँ विकास योजनाको लक्ष्य तथा प्रगति र चालु आर्थिक वर्षको प्रमुख आयोजना तथा कार्यक्रमको कार्यान्वयन अवस्था र हालसम्मको उपलब्धि समेत मध्यनजर गरी आगामी तीन आर्थिक वर्षको संभव भएसम्म आयोजना तथा कार्यक्रमगत रुपमा नभएमा उपक्षेगत रुपमा तर्जुमा गर्नुपर्नेछ ।

**योजना तथा बजेट तर्जुमाका आधारहरु**

संवैधानिक, नीतिगत र कानूनी व्यवस्था अनुसार आर्थिक सामाजिक विकासका लागि सरकारले एक आर्थिक वर्ष भित्र गर्ने खर्च र सोको व्यवस्थापनका लागि उपयोग गरिने आयका श्रोत उल्लेख भएको महत्वपूर्ण दस्तावेज नै बजेट हो । बजेट मार्फत स्थानीय सरकारले खर्चको प्राथमिकता निर्धारण गर्नुका साथै स्थानीय वित्त नीतिको घोषणा र कार्यान्वयनको खाँका प्रस्तुत गर्दछ । बजेटलाई आर्थिक स्थायित्व कायम गर्दै आर्थिक विकास र समृद्धी हासिल गर्ने प्रमुख औजारको रुपमा लिइन्छ । यसका साथै संविधान व्यवस्था गरेका मौलिक हक, राज्यको निर्देशक सिद्धान्त, नीति तथा स्थानीय तहको अधिकारका विषयहरुको कार्यान्वयन गर्नका निमित्त बजेटको उपयोग गरिन्छ । नेपालको संविधानले तिनै तहका सरकारले सरकारी कोषबाट वार्षिक बजेट अनुरुप बजेटको उपयोग गर्ने व्यवस्था गरेको छ । स्थानीय सरकारको सन्दर्भमा बजेट राजनीतिक, कानूनी र प्राविधिक विषय पनि हो । संङ्घीय शासन व्यवस्था संचालन र उपरोक्त सन्दर्भमा बजेट तर्जुमाको अभ्यास अत्यन्त गहन र महत्वपूर्ण विषय हो । तसर्थ बजेट तर्जुमाको अभ्यासमा संलग्न गाउँपालिका निर्वाचित पदाधिकारी, बजेट तथा कार्यक्रम तर्जुमासँग सम्बन्धित समिति तथा विषयगत निकाय/शाखा, कर्मचारी, संलग्न सरोकार पक्ष र व्यक्ति बजेट तर्जुमाको नीतिगत र कानूनी व्यवस्थाको बारेमा जानकार हुन जरुरी छ । मध्यमकालीन खर्च संरचनमा समेत आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा देहाय अनुसारका सान्दर्भिक नीतिगत तथा कानूनी व्यवस्थालाई आधार लिइनेछः

- नेपालको संवधानका सान्दर्भिक धाराहरू (भाग ३: मौलिक हक र कर्तव्य, भाग ४: राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्व, भाग ५: राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड, भाग १७: धारा २१४ देखी २३०),
- गाउँपालिका को कार्य सम्पादन तथा कार्य विभाजन नियमावली,
- प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ का सान्दर्भिक दफाहरु (परिच्छेद ४: प्राकृतिक श्रोतको परिचालन, राजस्व बाँडफाँट र अनुदान),
- स्थानीय सरकार संचालन ऐन, २०७४ को सान्दर्भिक दफाहरु (परिच्छेद ६: दफा २४ र २५, परिच्छेद ९: दफा ५४ देखी ६८ र परिच्छेद १०: दफा ६९ देखी ८०),
- अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद २: राजस्वको अधिकार, परिच्छेद ३: राजस्वको बाँडफाँड, परिच्छेद ४: अनुदानको अवस्था, वैदेशिक सहायता र आन्तरिक ऋण, परिच्छेद ६: सार्वजनिक खर्च व्यवस्था, परिच्छेद ७: राजस्व र व्यवको अनुमान, परिच्छेद ८: वित्तीय अनुशासन),
- आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ का सान्दर्भिक दफा तथा नियमहरु बजेट निर्माण, निकासा, खर्च, रकमान्तर र नियन्त्रण, बजेट र कार्यक्रम तर्जुमा, कार्यक्रम स्वीकृती र संशोधन, प्रगति समीक्षा,
- सावर्जनक खरिद ऐन, २०६३ र नियमावलीका सान्दर्भिक दफाहरू (ऐनको परिच्छेद २: खरिद कार्यको जिम्मेवारी र खरिद विधीसम्बन्धी व्यवस्था, नियमको परिच्छेद २: खरिद कारवाहीको तयारी, खरिद योजना र लागत अनुमान),
- दिगो विकास लक्ष्य (लक्ष्य १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १५, १६ तथा १७),
- दीर्घकालीन सोच तथा पन्ध्रौ योजनाको सान्दर्भिक बुँदाहरु,
- एकीकृत गाउँ विकास योजनाको लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता र विषयगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र रणनीतिक कार्यक्रम तथा आयोजना,
- समपुरक तथा विशेष अनुदानसम्बन्धी कार्यविधि, २०७६ ।

## अनुसुची ४: आगामि बजेट सिमा

आ.व. २०८१/०८२ समेत ३ आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाको लागि आयोजना, कार्यक्रम र विषयगत उप-क्षेत्रगत रुपमा बजेट सीमा निर्धारण गरिएको छ । बजेट सीमा आयोजना तथा कार्यक्रम एवं उप क्षेत्रको कुल खर्च, चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था तथा सोको स्रोत समेत समावेश गरिएको गरिएको छ, जुन देहायअनुसार रहेको छ:

| विषयगत क्षेत्र/उपक्षेत्र | आ.व | बजेट सिमा (रु हजारमा) | | | | बजेट श्रोत (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक श्रोत तथा राजस्व बाँडफाँड | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| आर्थिक | २०८१/०८२ | | | | | | | | |
| | २०८२/०८३ | | | | | | | | |
| | २०८३/०८४ | | | | | | | | |
| कृषि | २०८१/०८२ | | | | | | | | |
| | २०८२/०८३ | | | | | | | | |
| | २०८३/०८४ | | | | | | | | |
| जल श्रोत तथा सिचाई | २०८१/०८२ | | | | | | | | |
| | २०८२/०८३ | | | | | | | | |
| | २०८३/०८४ | | | | | | | | |
| पशु पन्छी विकास | २०८१/०८२ | | | | | | | | |
| | २०८२/०८३ | | | | | | | | |
| | २०८३/०८४ | | | | | | | | |
| | २०८१/०८२ | | | | | | | | |

| विषयगत क्षेत्र/उपक्षेत्र | आ.व | बजेट सिमा (रु हजारमा) | | | | बजेट श्रोत (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक श्रोत तथा राजस्व बाँडफाँड | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| उद्योग व्यापार तथा व्यवसाय | २०८२/०८३ | | | | | | | | |
| | २०८३/०८४ | | | | | | | | |
| सम्पदा पुर्वाधार | २०८१/०८२ | | | | | | | | |
| | २०८२/०८३ | | | | | | | | |
| | २०८३/०८४ | | | | | | | | |
| भुमी व्यवस्था तथा सहकारी र वित्तिय व्यवस्था | २०८१/०८२ | | | | | | | | |
| | २०८२/०८३ | | | | | | | | |
| | २०८३/०८४ | | | | | | | | |
| श्रम तथा रोजगारी | २०८१/०८२ | | | | | | | | |
| | २०८२/०८३ | | | | | | | | |
| | २०८३/०८४ | | | | | | | | |
| गरिवी निवारण | २०८१/०८२ | | | | | | | | |
| | २०८२/०८३ | | | | | | | | |
| | २०८३/०८४ | | | | | | | | |
| **सामाजिक विकास** | २०८१/०८२ | | | | | | | | |
| | २०८२/०८३ | | | | | | | | |

| विषयगत क्षेत्र/उपक्षेत्र | आ.व | बजेट सिमा (रु हजारमा) | | | | बजेट श्रोत (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक श्रोत तथा राजस्व बाँडफाँड | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| | २०८३/०८४ | | | | | | | | |
| शिक्षा, विज्ञान तथा प्रविधि | २०८१/०८२ | | | | | | | | |
| | २०८२/०८३ | | | | | | | | |
| | २०८३/०८४ | | | | | | | | |
| स्वास्थ्य तथा पोषण | २०८१/०८२ | | | | | | | | |
| | २०८२/०८३ | | | | | | | | |
| | २०८३/०८४ | | | | | | | | |
| खानेपानी तथा सरसफाई | २०८१/०८२ | | | | | | | | |
| | २०८२/०८३ | | | | | | | | |
| | २०८३/०८४ | | | | | | | | |
| लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | २०८१/०८२ | | | | | | | | |
| | २०८२/०८३ | | | | | | | | |
| | २०८३/०८४ | | | | | | | | |
| युवा तथा खेलकुद | २०८१/०८२ | | | | | | | | |
| | २०८२/०८३ | | | | | | | | |
| | २०८३/०८४ | | | | | | | | |

| **विषयगत क्षेत्र/उपक्षेत्र** | **आ.व** | **बजेट सिमा (रु हजारमा)** | | | | **बजेट श्रोत (रु हजारमा)** | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | **कुल** | **चालु** | **पुँजीगत** | **वित्तिय व्यवस्था** | **आन्तरिक श्रोत तथा राजस्व बाँडफाँड** | **नेपाल सरकार** | **प्रदेश सरकार** | **ऋण तथा अन्य** |
| भाषा तथा संस्कृति | २०८१/०८२ | | | | | | | | |
| | २०८२/०८३ | | | | | | | | |
| | २०८३/०८४ | | | | | | | | |
| सामाजिक सुरक्षा तथा संरक्षण | २०८१/०८२ | | | | | | | | |
| | २०८२/०८३ | | | | | | | | |
| | २०८३/०८४ | | | | | | | | |
| **पुर्वाधार विकास** | २०८१/०८२ | | | | | | | | |
| | २०८२/०८३ | | | | | | | | |
| | २०८३/०८४ | | | | | | | | |
| बस्ती विकास, आवास तथा भवन | २०८१/०८२ | | | | | | | | |
| | २०८२/०८३ | | | | | | | | |
| | २०८३/०८४ | | | | | | | | |
| सडक तथा यातायात | २०८१/०८२ | | | | | | | | |
| | २०८२/०८३ | | | | | | | | |
| | २०८३/०८४ | | | | | | | | |
| | २०८१/०८२ | | | | | | | | |

| विषयगत क्षेत्र/उपक्षेत्र | आ.व | बजेट सिमा (रु हजारमा) | | | | बजेट श्रोत (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक श्रोत तथा राजस्व बाँडफाँड | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा | २०८२/०८३ | | | | | | | | |
| | २०८३/०८४ | | | | | | | | |
| पुर्ननिर्माण | २०८१/०८२ | | | | | | | | |
| | २०८२/०८३ | | | | | | | | |
| | २०८३/०८४ | | | | | | | | |
| **वन तथा वातावरण** | २०८१/०८२ | | | | | | | | |
| | २०८२/०८३ | | | | | | | | |
| | २०८३/०८४ | | | | | | | | |
| वन, पार्क, हरियाली, भूसंरक्षण र नदी नियन्त्रण | २०८१/०८२ | | | | | | | | |
| | २०८२/०८३ | | | | | | | | |
| | २०८३/०८४ | | | | | | | | |
| वातावरण तथा जलवायु | २०८१/०८२ | | | | | | | | |
| | २०८२/०८३ | | | | | | | | |
| | २०८३/०८४ | | | | | | | | |
| विपद जोखिम व्यवस्थापन तथा | २०८१/०८२ | | | | | | | | |
| | २०८२/०८३ | | | | | | | | |

| विषयगत क्षेत्र/उपक्षेत्र | आ.व | बजेट सिमा (रु हजारमा) | | | | बजेट श्रोत (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक श्रोत तथा राजस्व बाँडफाँड | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| जलवायु परिवर्तन अनुकुलता | २०८३/०८४ | | | | | | | | |
| **संस्थागत विकास** | २०८१/०८२ | | | | | | | | |
| | २०८२/०८३ | | | | | | | | |
| | २०८३/०८४ | | | | | | | | |
| सुशासन र अन्तर सम्बन्धित क्षेत्र | २०८१/०८२ | | | | | | | | |
| | २०८२/०८३ | | | | | | | | |
| | २०८३/०८४ | | | | | | | | |
| संगठन, मानव संशाधन र क्षमता विकास | २०८१/०८२ | | | | | | | | |
| | २०८२/०८३ | | | | | | | | |
| | २०८३/०८४ | | | | | | | | |
| योजना तर्जुमा तथा कार्यान्वयन | २०८१/०८२ | | | | | | | | |
| | २०८२/०८३ | | | | | | | | |
| | २०८३/०८४ | | | | | | | | |
| तथ्याङ्क, योजना तथा विकास परिचालन | २०८१/०८२ | | | | | | | | |
| | २०८२/०८३ | | | | | | | | |
| | २०८३/०८४ | | | | | | | | |